मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : ८५ ★ ने. सं. ११४६ वछला थ्व, प्रतिपदा ★ शनिबार ★ ५ वैशाख, २०८३ ★ April 18, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# वाग्मती प्रदेश मुख्यमन्त्री बानियाँ भक्तपुर भ्रमणमा



भक्तपुर, ४ वैशाख । भक्तपुर नगरपालिकाको अवलोकन भ्रमणमा आउनुभएका वाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शुक्रबार भक्तपुर नगरपालिकाको सभाकक्षमा खादा र भादगाउँले टोपी लगाई स्वागत गर्नुभयो ।

स्वागत कार्यक्रममा मुख्यमन्त्री बानियाँले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा सरक्षणलगायत आफ्नै पहलमा गरिरहेको कार्य सराहनीय रहेको बताउँदै स्थानीय तहले सञ्चालन गरेको अस्पताल प्रादेशिक सरहको मानिने हुँदा ख्वप अस्पताल निजीमा नभई प्रादेशिक अस्पताल सरह मान्यता दिन कानुन संशोधन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले प्राचीन सभ्यतासँग जोडेर यहाँको मौलिक भाषा, संस्कृति र सम्पदा संरक्षण गर्दै आएकोमा खुसी व्यक्त गर्दै वाग्मती प्रदेशका ११९ वटा स्थानीय तहमध्ये जनताप्रति उत्तरदायी भएर कार्य गर्ने भक्तपुर नगरपालिका अग्रणी रहेको चर्चा गर्नुभयो ।

भक्तपुरको शिक्षा र स्वास्थ्य क्षेत्र विकासको लागि प्रदेशबाट हुनसक्ने सहयोगको लागि सधैँ तत्पर रहेको बताउँदै उहाँले भक्तपुर नपाबाट सञ्चालित कलेज र अस्पतालहरूले गरिबमुखी, आयमुखी र जिम्मेवारीपूर्वक सेवा गरिरहेकोमा खुसी व्यक्त गर्नुभयो ।

मुख्यमन्त्री बानियाँले भक्तपुर नपाले अघि सारेका सम्पदा पुन:निर्माणलगायत विकास निर्माणको लागि सशर्त, समानीकरण वा समपूरक अनुदानको व्यवस्थाको लागि प्रदेशबाट आवश्यक पहल गर्ने बताउनुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले मुख्यमन्त्री बानियाँलाई भक्तपुर अवलोकन गरेकोमा आभार व्यक्त गर्नुभयो । उहाँले भक्तपुर नपाबाट सञ्चालित शैक्षिक संस्था, ख्वप अस्पताल र ख्वप तिलगङ्गा आँखा अस्पतालको सेवा प्रवाह र सम्पदा संरक्षणबारे अवगत गराउँदै ख्वप अस्पतालमा दैनिक १२०० भन्दा बढी बिरामीहरूले उपचार सेवा प्राप्त गरिरहेको तथा ११ घण्टा ओपीडी सेवासहित ३६५ दिन खुल्ने एकमात्र अस्पताल भएको भए तापनि एमआरआई

बाँकी पृष्ठ ८ मा



अप्रिल १५, २०२६ का दिन इरानी रिभल्युसनरी गार्ड कोप्सद्वारा सार्वजनिक अप्रिल ५ का दिन इरानको इस्फाहानमा खसालिएका अमेरिकी युद्धकविमानका भग्नावशेषहरू ।

# चीनले हर्मुज जलडमरुको निर्णय–प्रस्तावको मस्यौदामा भिटो लगाएर परिस्थिति चर्कनबाट नियन्त्रण

पेइचिङ, ४ वैशाख (सीआरआई) । संयुक्त राष्ट्र सङ्घका लागि चिनियाँ स्थायी प्रतिनिधि फु छुङले अप्रिल १६ का दिन सुरक्षा परिषद्को भिटो अधिकारको प्रयोगसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासभाको बैठकलाई सम्बोधन गर्दै चीनले अप्रिल ७ तारिखमा सुरक्षा परिषद्मा हर्मुज जलडमरुको निर्णय-प्रस्तावको मस्यौदामा भिटो लगाएको कुराले परिस्थिति चर्कनबाट जोगिएको, अस्थायी युद्ध-विराम र वार्ताको पुन:सुरूका लागि हितयुक्त सर्त खडा गरेको बताउनुभएको छ । उहाँले चीनले मतदान दिएको यो मत शान्ति र जनतालाई दायित्व वहन गर्ने छनौट हो भन्दै चीन इतिहासको सही कदमतिर उभिएको बताउनुभयो ।

फु छुङले चीनले सम्बन्धित पक्षले घोषणा गरेको युद्ध-विराम निर्णयको स्वागत गरेको, युद्ध-विराम र युद्ध रोक्नका लागि सबै प्रयासको समर्थन दिएको कुरामा जोड दिनुभयो । उहाँका अनुसार, अमेरिका र इरानले पाकिस्तानमा गरेको वार्ता परिस्थितिलाई शिथिल पार्नका लागि चढेको एक पाइला भएको, अन्तर्राष्ट्रिय समाजले शान्ति र संवाद बढाउनेको प्रयासलाई निरन्तर रुपमा बढाउनुपर्ने छ ।

फु छुङले मध्य-पूर्व क्षेत्रका मुलुकहरूका साँच्चै मित्र र रणनीतिक साझेदारको रूपमा चीनले क्षेत्रीय परिस्थितिमाथि ध्यान दिएको, न्याय अडानको पालना गरी विभिन्न पक्षसँग मध्यस्थता दिएको, शान्ति र संवाद प्रवर्द्धन गरेको कुरा व्यक्त गर्नुभयो ।

इरानसँगको युद्धविरामको समयसीमा नजिकिँदै जाँदा स्ट्रेट अफ हर्मुजको सुरक्षा र समुद्री आवागमन पुन: सञ्चालन गर्ने विषयमा अन्तर्राष्ट्रिय चासो तीव्र बनेको छ ।

विश्लेषकहरूका अनुसार होर्मुजको अवरोधले ऊर्जा आपूर्ति र अन्तर्राष्ट्रिय व्यापारमा प्रत्यक्ष असर पारेकाले यसको समाधानका लागि बहुपक्षीय पहल अपरिहार्य बनेको छ । यस्तो अवस्थामा अमेरिका, युरोप र क्षेत्रीय शक्तिहरूबीचको समन्वयले आगामी दिनमा युद्धविरामको स्थायित्व र समुद्री सुरक्षाको अवस्थालाई निर्णायक रूपमा प्रभावित गर्न सक्ने देखिएको छ ।

# जेनजी आन्दोलनको छानबिन आयोगमा बयानको सार सङ्क्षेप – २

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनबारे सरोकारवालाहरूसँग छानबिन आयोगले लिएको बयानको सार –

**राष्ट्रपति कार्यालय, शीतल निवास सुरक्षाको कमान्डर सहायक रथी मनोज वैदवार** – करिब १२:३० बजे सम्माननीय राष्ट्रपतिज्यूले सबै सल्लाहकारहरूसहित मलाई बोलाई समग्र परिस्थितिबारे छलफल गर्नुभयो । करिब २ बजे राष्ट्रपतिज्यूले मलाई पुन: बोलाई परिस्थितिबारे जानकारी लिनुभयो । करिब ३:१५ बजे राष्ट्रपतिज्यू र परिवारलाई सवारीमार्फत सुरक्षित स्थानमा सकुशल पुऱ्याइयो ।

करिब ३:३० बजे १ नम्बर गेटको दायाँबायाँ रहेको होचो पर्खालबाट ठुलो सङ्ख्यामा प्रदर्शनकारीहरू शीतल निवासभित्र प्रवेश गरे । शीतल निवासभित्र नेपाली सेनाको तर्फबाट २२४ जना फौज तैनाथ थिए ।

**प्रम निवास, बालुवाटारको सुरक्षा कमान्डर प्रमुख सेनानी दिवाकर खड्काको बयान कागज व्यहोरा** – करिब १४:३० बजेसम्म प्रधानमन्त्री निवासको बाहिरी घेरामा तैनाथ नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले आन्दोलनकारीहरूलाई रोक्ने प्रयास गरिरहेका थिए । तर, भीडको आकार र आक्रोश बढ्दै गएकाले स्थिति थप संवेदनशील बन्दै गएको जानकारी प्राप्त भयो । चेन अफ कमान्डमार्फत सुरक्षा जोखिमको मूल्याङ्कन गर्दै २:५५ बजे प्रधानमन्त्रीज्यूको जीवन र सुरक्षालाई उच्च प्राथमिकतामा राखी उहाँलाई नेपाली सेनाको हवाई साधन प्रयोग गरी सुरक्षित स्थानतर्फ उदार गर्ने निर्णय कार्यान्वयन गरियो ।

**प्रमुख सेनानी गणेश खड्का (जिल्ला सुरक्षा समिति काठमाडौँको सदस्य) को बयान कागज** – भदौ २३ गते माइतिघर मण्डलामा शान्तिपूर्ण आन्दोलन गर्ने जानकारी पत्र हामी नेपाल नामक संस्थाका सुदन गुरूङ तथा अङ्कित मल्ल, सबल गौतम र पुरूषोत्तम यादवलगायतले जिल्ला प्रशासन कार्यालयमा पठाएका थिए । करिब ८ हजार जनासम्म सहभागी हुनसक्ने अनुमान जिल्ला सुरक्षा समितिमा प्रस्तुत गरिएको थियो ।

सेनानी सन्तोष ढुङ्गेलको नेतृत्वमा करिब १२:४५ बजे सिंहदरबारस्थित गणबाट संसद् भवनतर्फ फौज मुभ गराइएको थियो । बीआईसीसीतर्फ बढ्दा प्रदर्शनकारीहरू ट्रकको चक्का मुनि ढले, सवारी साधन अवरोध गर्नेजस्ता गतिविधि भएकाले करिब दुई हजार फौज

बाँकी पृष्ठ ८ मा

व्यङ्ग्यचित्र कुनो



# शैक्षिक सत्र सञ्चालन र आइतबार बिदा सम्बन्धमा मध्यपुर नपामा अभिभावक सङ्घको ज्ञापनपत्र




भक्तपुर, ४ वैशाख । अभिभावक सङ्घ नेपाल जिल्ला कार्य समिति भक्तपुरले नेपाल सरकारले घोषणा गरेको आइतबार बिदा र २१ गतेदेखि सुरु गर्ने भर्ना अभियानलाई लिएर मध्यपुर नपाका उपप्रमुख विजयकृष्ण श्रेष्ठलाई ज्ञापन हस्तान्तरण गर्ने कार्य सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर जिल्ला अभिभावक सङ्घका अध्यक्ष रामकृष्ण प्रजापतिले सरकारले घोषणा गरेको आइतबार बिदा र २१ गतेदेखि सुरु गर्ने शैक्षिक सत्रले विद्यार्थीहरू कुलतमा लाग्ने सम्भावना व्यक्त गर्दै यसले विद्यार्थीले पढ्न पाउने मौलिक हकसमेत गुम्ने र सरोकारवाला पक्षसँग व्यापक छलफल र व्यापक सल्लाह गरी मात्र विद्यार्थीहरूको पक्षमा निर्णय लिन अनुरोध गर्नुभयो ।

कार्यक्रममा मध्यपुर नपाका उपप्रमुख विजयकृष्ण श्रेष्ठले यस विषयमा सरोकारवालासँग छलफल जारी रहेको आइतबार बिदा दिने विषयमा अभिभावकको रूपमा आफू पनि असहमति रहेको र आइतबार बिदाबाट थप ५२ दिन विद्यालय सञ्चालन कम हुने बताउँदै मध्यपुर नपाको अन्य गतिविधिबारे प्रकाश पार्नुभयो ।

कार्यक्रममा अभिभावक सङ्घका सचिव आशराम सुवाल, सहसचिव राजकुमार लघु र कोषाध्यक्ष कृष्णप्रसाद दुमरुको पनि उपस्थिति रहेको थियो ।

# सभापति चयन गर्न बाह्र वटा समितिको बैठक

काठमाडौँ, ४ वैशाख । सङ्घीय संसद्का १२ वटा विषयगत समितिका सभापति चयन गर्न शुक्रबार समितिका बैठक हुँदैछन् । प्रतिनिधिसभाका एकल १० र संयुक्त (प्रतिनिधिसभा र राष्ट्रियसभा) दुई गरी १२ समितिका सभापतिको निर्वाचन हुन लागेको हो ।

प्रतिनिधिसभाको अर्थसमितिको सभापतिमा डा. कृष्णहरि बुढाथोकी, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा सुम्निमा उदास, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा रहबर अन्सारी, कानुन, न्याय तथा मानव अधिकार समितिको सभापतिमा समीक्षा बास्कोटा, राज्यव्यवस्था तथा सुशासन समितिको सभापतिमा हरि ढकाल र सार्वजनिक लेखासमितिको सभापतिमा भरतबहादुर खड्काको मनोनयन दर्ता भएको छ ।

महिला तथा सामाजिक मामिला समितिमा आकृति अवस्थी, पूर्वाधार विकास समितिमा आशिष गजुरेल र कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापतिमा अशोक चौधरीले उम्मेदवारी दर्ता गराउनुभएको छ । त्यस्तै, शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा राष्ट्रिय स्वतन्त्र पार्टीका डा. ओजस्वी शेरचन र नेपाल कम्युनिस्ट पार्टी (एमाले)को गुरुप्रसाद बरालको मनोनयन दर्ता भएको छ ।

सङ्घीय संसद्को संयुक्त समितिका रूपमा रहेको संसदीय सुनुवाइ समितिको सभापतिमा बोधनारायण श्रेष्ठ र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति सभापतिमा रास्वपाका गणेश कार्की र नेपाली कम्युनिस्ट पार्टीका सांसद मदनकुमारी शाह (गरिमा) को उम्मेदवारी दर्ता भएको छ ।

निर्वाचित सभापतिहरूको शपथ शुक्रबारै अपराह्न ४:०० बजे हुने भएको छ । उहाँहरूलाई सभामुख डोलप्रसाद अर्यालले शपथ गराउनुहुनेछ । *(रासस)*

# जग्गा हिनामिना गरेका नगर विकास समितिका पूर्वअध्यक्ष पक्राउ

महेन्द्रनगर, ४ वैशाख । कञ्चनपुर प्रहरीले तत्कालीन महेन्द्रनगर नगर विकास समितिका पूर्वअध्यक्ष गोपाल रसाइलीलाई पक्राउ गरेको छ ।

महेन्द्रनगर नगरविकास समिति (हाल भीमदत्त नगरविकास समिति) को जग्गा हिनामिना गरी भ्रष्टाचार गरेपछि अदालतबाट कैद र जरिवाना सजाय भएका भीमदत्त नगरपालिका-१३ का ४४ वर्षीय रसाइलीलाई घर नजिकैबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमबहादुर शाहीले विशेष अदालत काठमाडौँको २०८१ वैशाख २४ गतेको फैसलाले भ्रष्टाचार मुद्दामा फरार रहेका रसाइलीलाई चार वर्ष कैद सजाय र रु. ७६ लाख ८२ हजार ४६६ जरिवाना तोकिएको बताउनुभयो ।

"रसाइलीलाई पक्राउ गरी आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयले जिल्ला अदालत कञ्चनपुर हुँदै कारागार पठाएको छ," प्रवक्ता शाहीले भन्नुभयो, "फरार अभियुक्त पक्राउ गर्ने कामलाई जिल्लाभर तीव्रता दिएका छौँ ।"

यसअघि कञ्चनपुर प्रहरीले सोही मुद्दामा फरार रहेका नगर विकास समितिका पूर्वअध्यक्ष पल्टु रानालाई पक्राउ गरी कारागार चलान गरिसकेको छ । विशेष अदालत काठमाडौँबाट पाँच वर्ष ११ महिना कैद र रु. ८५ लाख जरिवाना तोकिएका पल्टुलाई इलाका प्रहरी कार्यालय बेलौरीबाट खटिएको टोलीले बेलौरी क्षेत्रबाटै पक्राउ गरी कारागार चलान गरेको थियो ।

# हस्तकलाको प्रवर्द्धनमुखी कार्यका लागि सम्झौता

काठमाडौँ, ४ वैशाख । हस्तकला क्षेत्रको प्रवर्द्धनका लागि नेपाल हस्तकला महासङ्घ र हिमालयन एभरेस्ट इन्सुरेन्स कम्पनी लिमिटेडबिच शुक्रबार आपसी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

नेपाल हस्तकला महासङ्घ र हिमालयन एभरेस्ट इन्सुरेन्स कम्पनी लिमिटेडबिच हस्तकला उद्योग व्यवसायको क्षेत्रमा प्रवर्द्धनमुखी कार्यहरूमा आपसी सहयोग र सहकार्य गर्ने विषयमा आइतबार समझदारी भएको महासङ्घका महानिर्देशक उत्तमप्रसाद देवकोटाले जानकारी दिनुभयो ।

समझदारीअनुसार महासङ्घका वर्षभरि हुने कार्यक्रममा इन्सुरेन्स कम्पनीलाई साझेदारीको रूपमा प्रवर्द्धन गरिनेछ । सो समझदारी सामाजिक उत्तरदायित्वअन्तर्गत वार्षिक रूपमा इन्सुरेन्स कम्पनीले महासङ्घका कार्यक्रममा आर्थिक रूपमा योगदान पुऱ्याउने जनाएको छ ।

# गैरकानुनी कार्य गर्ने तीन सय बढी पक्राउ

काठमाडौँ, ४ वैशाख । जिल्ला प्रहरी परिसर काठमाडौँले सार्वजनिक सुरक्षालाई बलियो बनाउन पछिल्लो ६ महिनामा विभिन्न गैरकानुनी कार्यमा संलग्न ३०९ जनालाई नियन्त्रणमा लिएको जनाएको छ । शुक्रबार आयोजित पत्रकार भेटमा परिसरका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवकुमार भट्टराईले पक्राउ परेकामध्ये ६१ जनाविरुद्ध मुद्दा दायर भएको जानकारी दिनुभयो ।

सो अवधिमा काठमाडौँ प्रहरीले विभिन्न सार्वजनिक कार्यालयमा सेवाग्राहीलाई दु:ख दिने २१ बिचौलिया, सर्वसाधारणलाई दु:ख हैरानी दिने १३६, यौनजन्य कार्य गरेका १२८ र गुण्डागर्दीमा संलग्न २४ जनालाई पक्राउ गरेको छ । युगाण्डाबाट नेपालमा आई यौन व्यवसाय सञ्चालन गर्ने २० महिलालाई एक वर्षसम्म नेपाल आउन नपाउनेगरी अध्यागमन विभागबाट 'डिपोर्ट' गरिएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो ।

# स्थानीय तहलाई उन्नत बीउ उत्पादनमा अनुदान लिन आह्वान

काठमाडौँ, ४ वैशाख । कृषि विभागले उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन स्थानीय तहलाई आह्वान गरेको छ । विभागले स्थानीय तहले उन्नत बीउ माग तथा बीउ उत्पादकले आपूर्तिको अवस्था तथा विवरण पठाउन यही वैशाख १० गतेसम्म समयसिमा तोकेको हो ।

विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले स्थानीय तहमार्फत उत्पादन हुने उन्नत बीउबिजनको प्रयोगमा मूल्य अनुदानमा सहभागी हुन बीउ उत्पादक तथा सम्बन्धित स्थानीय तहलाई आग्रह गर्नुभयो ।

कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले विभागद्वारा उन्नत बीउबिजन उत्पादनमा प्रोत्साहनस्वरूप अनुदान उपलब्ध गराइँदै आएको छ । अनुमति प्राप्त स्रोत बीउ उत्पादकका हकमा मोटो/मध्यम प्रकृतिका जातका लागि प्रतिकेजी रु. २०, मसिनो प्रकृतिका जातका लागि प्रतिकेजी रु. २३ र खुमल शृङ्खलाका जातका हकमा प्रतिकेजी रु. ३४ अनुदान रकम उपलब्ध गराउने विभागले जनाएको छ ।

महानिर्देशक सञ्जेलका अनुसार उन्नत बीउ उत्पादकका हकमा मोटो/मध्यम प्रकृतिका जातहरूका लागि प्रतिकेजी रु. १७, मसिनो प्रकृतिका जातहरूका लागि प्रतिकेजी रु. २२ र खुमल शृङ्खलाका जातहरूका हकमा प्रतिकेजी रु. ३० अनुदान रकम उपलब्ध गराइने छ ।

उन्नत बीउ प्रयोगमा किसानलाई अनुदानका हकमा सबै जातका धानमा कार्यविधिबमोजिम तोकिएको मूल्यको ५० प्रतिशत अनुदान उपलब्ध गराउने विभागले जनाएको छ । *(रासस)*

# भारतबाट अवैध रूपमा कुखुरा ल्याउने क्रम रोकिएन

नेपालगञ्ज, ४ वैशाख । अहिले बर्ड फ्लुको जोखिम छ । तर, बाँकेको जमुनाह नाकाबाट अवैध रूपमा भारतीय कुखुरा ल्याउने क्रम रोकिएको छैन । जिल्ला प्रहरी कार्यालयले आइतबार नेपालगञ्ज उपमहानगरपालिका-१६ बाट १०८ किलोग्रामका ३६ थान तयारी अवस्थामा रहेका कुखुरा बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक रमेश विष्टले साइकलमा ल्याउँदै गरेको अवस्थामा ३६ थान अवैध कुखुरा बरामद गरिएको जनाउँदै कुखुरा ल्याउने व्यक्तिहरू प्रहरी देख्नेबित्तिकै भाग्ने गरेका बताउनुभयो । साइकल वा मोटरसाइकलमा अवैध रूपमा कुखुरा ल्याउने गरिएको बताउँदै उहाँले प्रहरी देख्ने बित्तिकै ती व्यक्ति भाग्ने गरेकाले पक्राउ गर्न नसकिएको उहाँले उल्लेख गर्नुभयो ।

पशु क्वारेन्टाइन कार्यालय, नेपालगञ्जका प्रमुख डा हरेराम यादवले बर्ड फ्लुको जोखिम हुँदाहुँदै पनि अवैध रूपमा भारतीय कुखुरा नेपालगञ्ज भित्र्याउने कार्य बन्द हुन नसकेकोमा चिन्ता व्यक्त गर्नुभयो । "हामीले दैनिकजसो समातिरहेका छौँ । तर कसरी भित्रिरहेको छ, आश्चर्य लाग्छ", उहाँले भन्नुभयो ।

खुला सीमानाका र व्यापारीमा सचेतनाको कमीका कारण अवैध कुखुरा नेपालगञ्ज ल्याइएको उल्लेख गर्दै डा. यादवले अहिलेसम्म ३५ हजार तयारी कुखुरा नष्ट गरिएको जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा ६० हजार भारतीय अवैध चल्ला र ४०० किलो कुखुराको तयारी मासु र अण्डा नष्ट गरिएको उहाँले उल्लेख गर्नुभयो ।

प्रहरीको सहयोगमा पक्राउ गरिएका सबै अवैध कुखुरा, चल्ला, अण्डा र मासु नष्ट गरिएको पशु क्वारेन्टाइन नेपालगञ्जले जनाएको छ । तराईका केही जिल्लामा बर्ड फ्लुको जोखिम बढ्दै गए पनि हालसम्म यस क्षेत्रमा सङ्क्रमण नदेखिएको पशु क्वारेन्टाइन कार्यालयका प्रमुख डा. यादवले जानकारी दिनुभयो ।

# डा. भीमराव अम्बेडकरको १३६ औँ जन्मदिवस मनाइयो

भक्तपुर, ४ वैशाख । नगदेश बुद्ध विहारको धम्महलमा बोधिसत्व, बाबासाहेब डा. भीमराव अम्बेडकरको १३५ वर्ष पूर्ण भएको उपलक्ष्यमा मङ्गलबार एक प्रवचन कार्यक्रमको आयोजना गरियो ।

सो कार्यक्रममा नगदेश बौद्ध समूहका उपाध्यक्ष उपासक बाबुराम दुवालले अध्यक्षता ग्रहण गर्नुभयो भने प्रमुख अतिथि श्रद्धेय अ:गौतमी गुरुमाँले प्रज्ञाको दीप प्रज्ज्वलन गर्नुभयो ।

कार्यक्रममा समूहका कोषाध्यक्ष उपासक रत्नभक्त हाँयुजुले स्वागत गर्दै डा. भीमराव अम्बेडकरजस्ता महान् व्यक्तिले बुद्ध शासनिक कार्यमा गर्नुभएको योगदानबारे चर्चा गर्नुभयो ।

समूहका अध्यक्ष कृष्णकुमार प्रजापतिले बौद्ध जगत्‌मा डा. भीमराव अम्बेडकरको योगदानबारे चर्चा गर्दै तत्कालीन समाजबाट लात-बात सही सङ्घर्षशील जीवनयापन गरी मानवीय मैत्री र करुणादायी भावनाले गर्दा लन्डनबाटै कोलम्बिया विश्वविद्यालयबाट पी.एच.डी. उपाधि हासिल गरी स्वदेश फर्की जातीय भेदभावविरुद्धको सङ्घर्षमा आफूलाई समर्पित गर्नुभयो ।

डा. अम्बेडकरलाई एक दलित वर्गका मसिहा व्यक्तित्व, विद्वान्, लेखक, साहित्यकार एवं नेताको रूपमा चर्चा गरिएको थियो । अतिथि गौतमी गुरुमाँले बुद्ध धर्मको उत्थानमा दिनुभएको योगदानबारे चर्चा गरी उहाँको सद्गति र निर्वाणको कामना गर्नुभयो ।

कार्यक्रमका सभापति बाबुराम दुवालले डा. अम्बेडकरप्रति श्रद्धाञ्जली व्यक्त गरी सभा विसर्जन गर्नुभयो ।

## सङ्क्षिप्त समाचार

# द्यो स्वगं (सगुन) पूजा सम्पन्न

भक्तपुर, ४ वैशाख । बिस्का जात्राको आठौँ दिन शुक्रबार भक्तपुरमा द्यो स्वगं पूजा (सगुन जात्रा) धुमधामका साथ मनाएको छ ।

शुक्रबार बिहानैदेखि परम्परागत बाजागाजा धिमे बाजा, बाँसुरी बाजा र भजन खल:हरूले नगरका शक्तिपीठ तथा विभिन्न देवीदेवताहरूको परिक्रमा गरी सगुन जात्रा मनाएको हो ।

जात्राका क्रममा स्थानीय महिला तथा पुरुष परम्परागत नेवारी पोसाक हाकुपटासी र दाउरा सुरुवालमा सजिएर जात्रामा सहभागी भएका थिए । देवीदेवताहरूलाई सगुन पूजा गर्न आ-आफ्ना द्यो: छें (देव घर) बाट निकाली चोक तथा डबलीमा राखिएको थियो । जात्राका क्रममा सहभागीहरूले देवीदेवताहरूलाई आ-आफ्ना गच्छेअनुसारका परिकार चढाएका थिए ।

यो पूजा प्राचीनकालदेखि नै सञ्चालन हुँदै आएको इतिहासमा उल्लेख छ । बिस्का जात्राकाक्रममा विघ्न बाधा वा केही भुलचुक भए क्षमा पाउँ भन्ने उद्देश्यका साथ शक्तिशाली देवीदेवताहरूको पूजा गर्ने प्रचलनलाई सगुन जात्राको रूपमा लिने गरेको भाषा वंशावलीमा समेत उल्लेख रहेको पाइएको संस्कृतिविद् हरिशरण राजोपाध्यले जानकारी दिनुभयो । *(रासस)*

# लागुऔषधसहित विभिन्न स्थानबाट २४ जना पक्राउ

काठमाडौँ, ४ वैशाख । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषधसहित २४ जनालाई पक्राउ गरेको छ ।

स्थानीय टोखा नगरपालिका-८ बानियाटारबाट ब्राउनसुगरसहित दुई, भक्तपुर नगरपालिका-१० भक्तेकोपाटीबाट एक, कञ्चनपुरको बेलौरी नगरपालिका-८ पचुईबाट दुई, कैलालीको धनगढी उपमहानगरपालिका-२ त्रिनगर ब्यारेलबाट एक र सोही उपमहानगरपालिकाको त्रिनगर ब्यारेलबाट एक जनालाई पक्राउ गरिएको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार कैलालीको गोदावरी नगरपालिका-१ बाट खैरो हेरोइनसहित एक, चितवनको रत्ननगर नगरपालिका-११ बटर टोलबाट एक, रूपन्देहीको बुटवल उपमहानगरपालिका-११ हात्तीसुडबाट दुई, झापाको कनकाई नगरपालिका-३ सुरुङगाबाट पाँच र सोही नगरपालिकाको टप्पु चोकबाट दुई जनालाई पक्राउ गरिएको छ ।

यसैगरी, मोरङको विराटनगर महानगरपालिका-११ बाट दुई, तनहुँको आँबुखैरेनी गाउँपालिका-४ बेनिटारबाट दुई र दाङको राप्ती गाउँपालिका-१ बाट दुई जनालाई पक्राउ गरिएको छ । उनीहरूलाई बिहीबार पक्राउ गरिएको हो । *(रासस)*

# डुङ्गा पल्टिँदा बाबुछोरा बेपत्ता

अछाम, ४ वैशाख । अछामको तुर्माखाँद गाउँपालिका-३ भैरवस्थानस्थित कर्णाली नदीमा डुङ्गा पल्टिँदा दुई जना बेपत्ता भएका छन् ।

बेपत्ता हुनेमा तुर्माखाँद गाउँपालिका-३ बल्दे का ३५ वर्षीय पहलसिंह बुढा र उहाँका १३ वर्षीय छोरा नरि बुढा रहनुभएको छ । वैशाख ३ गते बेलुकाको समयमा कर्णालीपारि सुर्खेत जिल्लाको पञ्चपुरी नगरपालिका-७ स्थित वनबाट घाँस काटेर ल्याउने क्रममा कर्णाली नदीमा एक्कासि डुङ्गा पल्टिँदा डुङ्गा चालक बुबा र सवार छोरा बेपत्ता भएका हुन् ।

बेपत्ताको खोजीकार्यको लागि अस्थायी प्रहरी सुरक्षा बेस माथिल्लो कर्णाली, प्रहरीचौकी भैरवस्थान, ढुङ्गाचाल्ना, ढकारीबाट टोली खटिएको र सशस्त्र प्रहरीको विपद् उद्धार तालिमप्राप्त टोली घटनास्थलतर्फ जाँदै गरेको जिल्ला प्रहरी कार्यालय अछामका प्रमुख प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनाले जानकारी दिनुभयो । *(रासस)*

# एकैदिन ५३ वटा फर्ममा विभागको अनुगमन

काठमाडौँ, ४ वैशाख । आक्रामक रूपमा बजार अनुगमन तथा निरीक्षण गर्दै आएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले एकैदिन ५३ वटा फर्मको विवरण लिएको छ ।

विभागले विभिन्न व्यापारिक प्रतिष्ठान, फर्म तथा पसलहरूमा बिलबिजक जारी भए/नभएको, उपभोक्तालाई दिनुपर्ने जानकारी दिए/नदिएको तथा उपभोक्ता संरक्षण ऐन, २०७५ को व्यवस्था परिपालना भए/नभएको बारेमा अनुगमन गर्दै आएको छ ।

पछिल्ला दिनमा विभागले ठूलो सङ्ख्यामा व्यावसायिक फर्महरूमाथि अनुगमन गर्दै आएको छ । सोही क्रममा बिहीबारमात्रै काठमाडौँको खिचापोखरी क्षेत्रका ५३ वटा फर्ममा अनुगमन निरीक्षण गरेको हो ।

विभागले अनुगमन गरेका सबै फर्मलाई सुधारात्मक निर्देशन दिएको छ । स्थानीय जनप्रतिनिधि, उपभोक्ता अधिकारकर्मी तथा सरोकारवालाहरूको उपस्थितिमा विभागले नियमित रूपमा बजार अनुगमन गर्दै आएको स्पष्ट पारेको छ । *(रासस)*

# गैँडाको खागसहित चार जना पक्राउ

इनरुवा (सुनसरी), ४ वैशाख । सुनसरी बर्जु गाउँपालिका-६ बाट बिहीबार राति गैँडाको खागसहित चार जनालाई नियन्त्रणमा लिएको छ । गोप्य सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपाल नम्बर १ बराह वाहिनी पकलीको टोलीले गैँडाको खागसहित नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल ४ नम्बर गण सुनसरीका सशस्त्र प्रहरी उपरीक्षक श्याम कार्कीले जानकारी दिनुभयो ।

झापाबाट गैँडाको खाग लिएर आइरहेको भनी आएको गोप्य सूचनाका अधारमा खागसहित बर्जु-६ ताल नजिकबाट चार जनालाई नियन्त्रणमा लिएको उहाँले बताउनुभयो । पक्राउ परेकाको साथबाट एउटा खाग, दुईवटा मोटरसाइकल बरामद गरिएको सशस्त्र प्रहरी उपरीक्षक कार्कीले बताउनुभयो । पक्राउ परेकाको नाम गोप्य राखिएको सशस्त्र प्रहरीले जनाएको छ । यसको सञ्जाल ठूलो भएको र अनुशन्धान भइरहेकाले पक्राउ परेकाको नाम सार्वजनिक नगरेको उहाँले बताउनुभयो । *(रासस)*



**ढाका कपडा बुन्दै महिला उद्यमी**

खोटाङ । दिक्तेलमा आयोजना गरिएको 'वैज्ञानिक अन्वेषण तथा विज्ञान-गणित प्रदर्शनी-२०८३' महोत्सवमा ढाका कपडा बुन्दै महिला उद्यमी । विद्यार्थी तथा युवा पुस्तामा विज्ञान र प्रविधिप्रति रुचि बढाउँदै आगामी दिनमा वैज्ञानिक उत्पादन गर्ने उद्देश्यका साथ जिल्लामा पहिलोपटक आयोजना गरिएको पाँचदिने महोत्सवमा विभिन्न जिल्लाका ८२ वटा स्टलहरू प्रदर्शनीमा राखिएको छ ।

*तस्बिर : केदार मगर/रासस*

# वैज्ञानिक अन्वेषण तथा विज्ञान-गणित प्रदर्शनी २०८३ : विज्ञान र प्रविधिको प्रयोगमा जोड

खोटाङ, ४ वैशाख । जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा 'वैज्ञानिक अन्वेषण तथा विज्ञान-गणित प्रदर्शनी-२०८३' महोत्सव बिहीबारदेखि सुरु भएको छ । विद्यार्थी तथा युवापुस्तामा विज्ञान र प्रविधिप्रति रुचि बढाउँदै आगामी दिनमा वैज्ञानिक उत्पादन गर्ने उद्देश्यका साथ जिल्लामा पहिलोपटक वैज्ञानिक अन्वेषण तथा विज्ञान-गणित प्रदर्शनी महोत्सवको आयोजना गरिएको हो ।

कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका, शुभम् फाउन्डेसन र हिमालयन माध्यमिक विद्यालय सोल्माले संयुक्त रूपमा आयोजना गरेको महोत्सवमा ८२ वटा स्टल राखिएको छ । यही वैशाख ७ गतेसम्म सञ्चालन हुने महोत्सवमा खोटाङका २१ माध्यमिक विद्यालयको ६४ वटा तथा राजधानीसहित बाहिरी जिल्लाका १५ वटा विद्यालयको १८ वटा स्टल रहेको आयोजक समितिका स्टल संयोजक भूपाल राईले जानकारी दिनुभयो ।

स्थानीय स्रोतसाधन प्रयोग गरेर आयोजना गरिएको महोत्सवमा परियोजना प्रतिस्पर्धासमेत गराइने आयोजकले जनाएको छ । नगरपालिकाभित्र सञ्चालित सबै माध्यमिक तहका विद्यालय तथा देशभरका विद्यार्थीको सहभागिता रहेको महोत्सवको परियोजना प्रतिस्पर्धामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालय तथा विद्यार्थीलाई क्रमश: नगद रु. २० हजार, रु. १० हजार र रु. पाँच हजार पुरस्कार प्रदान गरिने जनाइएको छ ।

प्रदर्शनीमा विद्यार्थीले तयार पारेका विज्ञानसम्बन्धी परियोजना, एआइ प्रविधिमा आधारित नमुना प्रस्तुति तथा अन्तरक्रियात्मक स्टलहरू राखिएको महोत्सव आयोजक समितिका संयोजक एवं शुभम् फाउन्डेसनका कार्यकारी निर्देशक सूर्यबहादुर राईले जानकारी दिनुभयो । "पाँच दिनसम्म सञ्चालन हुने प्रदर्शनीले विद्यार्थीमा सिर्जनशील सोचको विकास हुने र ग्रामीण क्षेत्रमा विज्ञान तथा प्रविधिसम्बन्धी ज्ञान र सीपको विस्तारमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरेका छौँ । महोत्सवमा पिपुल्स च्वाइस अवार्डको व्यवस्थासमेत गरिएको छ", उहाँले भन्नुभयो, "प्रदर्शनीको पहिलो दिनमै एक हजारभन्दा बढी अवलोकनकर्ताले भोट गरेका छन् । अवलोकनकर्ताको भोटको आधारमा उत्कृष्ट स्टललाई पुरस्कृत गरिन्छ । त्यसले विद्यार्थीहरू उत्साहित भएका छन् ।"

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-२ सोल्मास्थित शुभम् फाउन्डेसनमा आयोजना गरिएको महोत्सवमा रोबो-कार रेसमा प्रथम हुनेलाई नगद रु. १५ हजार, द्वितीय हुनेलाई रु. १० हजार र तृतीय हुनेलाई रु. पाँच हजार प्रदान गरिने आयोजकले जनाएको छ । महोत्सवमा मोस्ट प्राक्टिकल इनोभेसन अवार्डअन्तर्गत नगद रु. पाँच-पाँच हजार प्रदान गरिने संयोजक राईले जानकारी दिनुभयो ।

पाँच दिनसम्म सञ्चालन हुने महोत्सवमा विद्यार्थीहरूबिच एआइसम्बन्धी निबन्ध लेखन प्रतियोगितासमेत आयोजना गरिएको आयोजकले जनाएको छ । निबन्ध लेखन प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई क्रमश: नगद रु. १५ हजार, रु. १० हजार र रु. पाँच हजार प्रदान गरिने हिमालय माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष सप्तमणि राईले बताउनुभयो ।

जिल्लामा पहिलोपटक आयोजना गरिएको वैज्ञानिक अन्वेषण तथा विज्ञान-गणित प्रदर्शनी महोत्सवमा नाष्टका वैज्ञानिकहरूसँग विद्यार्थीको प्रत्यक्ष कुराकानी तथा प्रशिक्षण, धिरज राईलगायतका राष्ट्रियस्तरका चर्चित कलाकारको साङ्गीतिक प्रस्तुति राखिएको आयोजकले जनाएको छ । महोत्सवमा आएका नाष्टका वैज्ञानिकसँगको प्रत्यक्ष कुराकानी तथा प्रशिक्षणले विज्ञान, प्रविधि र नवप्रवर्द्धनका क्षेत्रमा रुचि राख्ने विद्यार्थीका लागि थप प्रोत्साहन मिल्ने दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका प्रमुख तीर्थराज भट्टराईले जानकारी दिनुभयो ।

महोत्सवमा काठमाडौँका आठ तथा भक्तपुर, काभ्रेको धुलिखेल र विराटनगरको एक-एकवटा विद्यालयले सहभागिता जनाएको आयोजकले दिएको छ । खोटाङ प्रदेशसभा १ (१)का प्रदेशसभा सदस्य एवं कोशी प्रदेश सरकारका निवर्तमान सामाजिक विकासमन्त्री पाँचकर्ण राई 'पिके' र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नाष्ट) का उपकुलपति डा. दिलीप सुब्बाले संयुक्त रूपमा उद्घाटन गर्नुभएको हो । *(रासस)*

# सडकआश्रित सहयोगापेक्षी मानव उद्धार कार्य सुरु

काठमाडौँ, ४ वैशाख । काठमाडौँ महानगरपालिकाले सडकआश्रित सहयोगापेक्षी मानव उद्धार कार्य सुरु गरेको छ । उद्धारमा महानगर प्रहरी बल, नेपाल प्रहरी, मानव सेवा आश्रम र वडाका जनप्रतिनिधिसहित सरोकारवाला सहभागितामा हरेक दिन तीन सिफ्टमा उद्धार कार्य हुने कामपाले जनाएको छ ।

काठमाडौँलाई सडकआश्रित सहयोगापेक्षीमुक्त सहर बनाउन कामपाले नेपाल प्रहरी, मानव सेवा आश्रम र स्थानीयहरूको सहभागितामा सडकमा रहेका बिरामी, मानसिक तथा शारीरिक रूपमा अशक्त, बेवारिसे व्यक्तिहरूलाई उद्धार थालेको कामपाको कार्यवाहक प्रमुख सुनिता डङ्गोलले जानकारी दिनुभयो ।

"हामीले सबैलाई सडकबाट उद्धार गरेका होइनौँ, बेसहारा र अशक्तको उद्धार गर्छौं, शारीरिक अवस्था ठिक भएकालाई माग्ने पेसामा निषेध गर्छौं", प्रमुख डङ्गोलले भन्नुभयो ।

पशुपति क्षेत्रबाट नुवाकोट घर भएका ६५ वर्षीय पुरुष, रामेछाप घर भएका ५० वर्षीय, ४८ वर्षीय र ४१ वर्षीय गरी तीन जना पुरुष र काभ्रे घर भएका ४८ वर्षीय एक जना र ५० वर्षीय एक जना व्यक्ति गरी छ जनालाई उद्धार गरिएको हो ।

पशुपति क्षेत्रपछि सेवामा खटिएको टोली कालीमाटी पुगेको थियो । कालीमाटीबाट काभ्रे घर भएका ८६ वर्षीय एक जना पुरुष र काभ्रे घर भएका ५० वर्षीय एक जना पुरुषको उद्धार भयो । उहाँहरू दुवैको अवस्था सामान्य छ । टेकु क्षेत्रबाट धादिङ घर बताउने करिब ६० वर्षीय एक जना ज्येष्ठ नागरिकको उद्धार भएको छ ।

उद्धार तथा पहिचान, उपचार तथा पुन:स्थापना कार्यलाई व्यवस्थित बनाउन कामपाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंको अध्यक्षतामा उच्चस्तरीय समन्वय समिति गठन गरिएको छ । समितिको सदस्यमा जिल्ला प्रशासन कार्यालय, गुठी संस्थान, पशुपति क्षेत्र विकास कोष, नेपाल प्रहरी र मानव सेवा आश्रमका प्रतिनिधि सदस्य हुनुहुन्छ । समितिको सदस्यसचिवमा सामाजिक विकास विभागका प्रमुख हुनुहुन्छ ।

यसरी सहयोगापेक्षीहरूको उद्धार कार्यमा रहेको बेला मानवतामा आधारित काठमाडौँ निर्माण कार्यक्रमका बारेमा प्रतिक्रिया दिँदै कार्यवाहक प्रमुख डङ्गोलले भन्नुभयो, "सडकमा माग्न बस्नुभएका सबैलाई सहयोग गर्नुपर्ने अवस्थाको हुनुहुन्न । कोहीले माग्ने कामलाई पेसा बनाउनुभएको छ । कोही दुर्व्यसनका कारण पारिवारिक बेमेलका कारण सडकमा आउनुभएको छ । उहाँहरूको अवस्थाका आधारमा व्यवस्थापन गर्ने योजनाअनुरूप उद्धार कार्य थालेका हौँ", उहाँले भन्नुभयो ।

कामपाले काठमाडौँलाई सहयोगापेक्षी सडक मानवमुक्त सहर बनाउने अभियानलाई तीव्रता दिएको छ । *(रासस)*

**। सम्पादकीय ।**

# पुँजीवादी व्यवस्था शोषणमा फस्टाउने व्यवस्था

पुँजीवादी व्यवस्था आफै शुभलाभ, भ्रष्टाचार, छलछाम र शोषणमा फस्टाउने व्यवस्था हो । पुँजीवादी गणतन्त्रमा पुँजीपतिवर्गको हितलाई प्राथमिकता दिनु स्वाभाविक हो । पुँजीपतिवर्ग, पुँजीपतिवर्गका सञ्चालक र उनीहरूको स्वार्थमा लाग्ने ठेकेदार, बिचौलियाहरूले सरकारलाई श्रमजीवीवर्गको हितमा काम गर्न दिँदैनन् । सरकारको नेतृत्व गर्ने दल नै पुँजीपतिवर्गको पक्षमा छ भने उसले त झनै बहुमत जनताको पक्षमा काम गर्दैन; नीति नियम बनाउँदैन । लोभलालच, झूटा आश्वासन र राज्यशक्तिको दुरूपयोग गरिएको हुन्छ । हिंसात्मक गतिविधि मात्र होइन साम्प्रदायिक भावना फैलाइएको हुन्छ । प्रशासनिक संयन्त्रको आडमा कामदारवर्गको राज्यसत्ता कहिले पनि आउँदैन । बरु पद र पैसाको प्रलोभनमा लोभी पापी र अवसरवादीहरू कहिले कुन दलसँग त कहिले कुन दलसँग लाग्छन् । हालै भएको प्रतिनिधिसभाको निर्वाचनमा रास्वपाबाट निर्वाचित सांसदहरू पहिले नेका, एमाले र माओवादीमा सक्रिय कार्यकर्ताहरू रहेको खबर प्रकाशमा आएकै हो ।

विदेशी एजेन्टहरू धार्मिक सङ्घ संस्था र अनेक समूह खडा गरी रकम बाँडेर हातमा लिन्छन् । धार्मिक सङ्घ संस्थालाई जातीय समूहमा पैसाको खोलो बगाएर धर्मको नाउँमा साम्प्रदायिक भावना फैलाइएको हुन्छ । विशेषतः युवा समूहलाई पैसा बाँडेर मतिभ्रष्ट बनाउन र मन भाँड्ने काम गरिएको हुन्छ । राजनीतिक दलका नेता, कार्यकर्ता, जनता इमानदार भएमा, विदेशी हस्तक्षेपअघि नझुकेमा, सिद्धान्तप्रति निष्ठा भएमा शासकहरू विदेशी हस्तक्षेपको अगाडि झुक्दैनन्; झुकेर देशघाती काम गर्दैनन् । उनीहरू पद र पैसामा भुल्दैनन्; सिद्धान्तको राजनीति छोड्दैनन् । पद र पैसामा भुलेर आफूहरू कसैको दासी बन्दैनन् । देश र जनताप्रति जिम्मेवार भएमा सबैले आफ्नो दायित्वबोध गरेमा र देश र जनताको सेवामा प्रतिबद्ध भएमा यहाँ भ्रष्टाचार र अनियमितता स्वाभाविक रूपमा घट्ने छ ।

देश र जनताप्रति समर्पित दलको सरकारले हचुवाको भरमा काम गर्दैन । हचुवाको भरमा या गहिरो अध्ययन नगरी गरिएको निर्णयले स्थिरता पाउँदैन । सरकारको निर्णय व्यवहारिक भएन भने सरकार एकातिर सङ्घ संस्था र जनता अर्कोतिर हुन्छन् । नयाँ काम गर्ने बहानामा, केही सुधार गर्छु भन्ने बहानामा सरकारी निर्णयलाई जनताले आत्मसात गरेनन् या निर्णयले अहित गर्छ भने सरकारले आफ्नो निर्णय फिर्ता लिनु नै बुद्धिमानी हुनेछ । यतिबेला विद्यार्थी सङ्गठन खारेज गर्ने, स्कूल र कलेजमा दुईदिने बिदाबारे बढी चर्चाको विषय बनेको छ । भर्नाको समय त दुई चार दिनअघि र दुई चार दिन फरक परेर केही हुने होइन । भर्ना दिने काम दुई चार दिनअघि नै भयो भनेर सरकारी निर्णय उल्लङ्घन भनी टाउको दुखाउनुपर्ने विषय होइन । बरु, कक्षा ५ सम्म परीक्षा लिनु नपर्ने व्यवस्थाबारे गहन छलफल गर्नु आवश्यक छ । परीक्षा नलिने बानी बसेपछि पढ्ने बानीमा पनि नकारात्मक असर पर्छ । अलि बुझ्न थालेको उमेरदेखि नै परीक्षाबिना पास गर्ने भएपछि उसले पछिल्लो कक्षामा पनि मेहनत गर्दैन । पढाइमा चासो नभएपछि उसको शैक्षिक स्तर कस्तो होला ? के यसले देशको लागि आवश्यक जनशक्ति तयार गर्ला ?

वैशाख ४ गतेको नेपाल समाचारपत्रमा 'काठमाडौँ उपत्यका विकास प्राधिकरणमा पूर्व विकास आयुक्त तिवारीको गैरकानुनी कमाइ झण्डै ११ करोड' शीर्षकको समाचार छापियो । समाचारमा पूर्व विकास आयुक्त भाइकाजी तिवारी ३४ वर्ष सरकारी सेवामा रहँदा अनियमितता गरी झण्डै ११ करोड रूपैयाँ कमाइ गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले जनाएको छ । त्यस्तै विभिन्न ठगी प्रकरणमा दोषी देखाएर सजाय पाएका सहकारी व्यवसायी तथा पूर्वसांसद इच्छाराज तामाङ पुनः बिनालगानी सिभिल मलको ५० प्रतिशत शेयर हत्याउने खेलमा लागेको खबर सोही पत्रिकामा छापियो । यसबारे सत्यतथ्य पत्ता लगाउन अनुसन्धान गर्नुपर्ने र दोषी भए कारबाही गर्नुपर्ने देखिन्छ । सरकारको सार्वजनिक ऋण बढेको बढेकै छ । राजस्व सङ्कलन कमजोर, विनिमय दरमा भएको नोक्सानी, विकास निर्माणको परियोजना सञ्चालन गर्न र कर्मचारीलाई तलब खुवाउन ऋण लिनुपर्ने अवस्था सकारात्मक सोच होइन । देशले खप्नै नसक्ने गरी ऋणको बोझ बढ्दै गयो भने भोलि देशको स्थिति के होला ? ऋण तिर्न ऋण लिनुपर्ने स्थिति बढ्दै गयो र ऋण तिर्न नसक्ने स्थितिमा ऋण दिएको देशले देशको स्रोत र साधन उपयोग गर्नुपर्ने माग राख्यो, देश अरुको अधीनमा गयो भने देशको स्थिति के होला ? के यो चिन्ताको विषय होइन ?

# जेनजी आन्दोलन र राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन

✍ **प्रज्ज्वल**

शासकहरू शुभलाभमा लागेपछि देश भ्रष्टाचारमा डुब्छ । नेपालमा ३५ वर्षयता ४-५ पटक मन्त्री बनेकाले आफ्नो संस्मरणमा लेखे - "मन्त्रीहरू भ्रष्टाचारको पर्याय भए ।" राम्रो वा नराम्रो काम तलतिर माथिबाट सर्छ । सिंहदरबार भ्रष्टाचारको अखडा बनेको र सिंहदरबारमा 'बाँदर' पसेको विषय संसद्मा धेरै अगाडि नै उठेको हो । सिंहदरबार भ्रष्टाचारको आहाल बने जिल्ला जिल्लाको हालत के होला ?

जेनजी आन्दोलनको जगमा फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनपछि नेपालमा चैत १३ गते रास्वपाको सरकार गठन भयो । अहिले निर्वाचनको बेला रास्वपाले जनतासँग गरेको प्रतिबद्धता यतिबेला देखाउने दाँत साबित हुँदै छ । सरकार गठनको दुई हप्तामा इन्धनको

*निर्वाचनअघि नै भदौ २३ र २४ गतेका दोषीलाई कारबाहीसहितको प्रतिवेदन पेस गरिएको भए संसद्मा निर्वाचितहरूको तस्वीर नै अलग हुने थियो । आयोगले निर्वाचनको नतिजा प्रकाशित भइसकेपछि मात्र छानबिन प्रतिवेदन सरकारलाई बुझायो । प्रतिवेदनमा भदौ २४ गतेको आगजनीबारे अर्को आयोग गठन गरी छानबिन गर्नुपर्ने सुझाइयो । तर, राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा भदौ २४ गतेको आगजनीका दोषीहरूसमेत किटान गरिएको सार्वजनिक भयो । रास्वपा सरकार राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक गरिरहेको छैन । के नेपाल साम्राज्यवाद र विस्तारवादको चङ्गुलमा झन्झन् फस्दै छ ?*

मूल्य दुई पटक बढ्यो । विदेशी ऋण ४० अर्ब १६ करोड थपियो । शिक्षा क्षेत्रमा अराजकता बढ्यो । निर्वाचन स्वच्छ र निष्पक्ष नहुनुको परिणाम पनि हो यो ।

यसअघि एमाले र माओवादीको समर्थनमा रास्वपा दुईपटक गृहमन्त्रीसहित उपप्रधानमन्त्री भएको थियो । त्यतिबेला पनि रास्वपाले देश र जनताको निःस्वार्थ सेवा गर्न सकेन । प्रतिपक्षीको कुर्सीबाट रास्वपाले तत्कालीन सरकारलाई औँला तेर्स्याएको थियो - "सरकारको नेपाल आयल निगम कस्तो ? व्यापार आफै गर्ने, आयात आफै गर्ने, नियामक निकाय आफै, मूल्यवृद्धि आफै गर्ने, सधैँ घाटा भयो भन्ने कर्मचारीलाई बोनस पनि बाँड्ने ?"

भारतले रुससँग इन्धन खरिद गरी नेपाललाई पठाउँथ्यो । रुसले इन्धनको मूल्य नबढाए पनि भारतले अन्तर्राष्ट्रिय क्षेत्रमा मूल्य बढेको दाबी गर्थ्यो । अहिले पनि भारतले इन्धनको मूल्य बढाउँदै छ । रास्वपा सरकारले यो विषय भारतसँग उठाउन सकेन । आफ्नै सरकार हुँदा रास्वपाले नेपाल आयल निगमलाई इन्धनको मूल्य बढाउन किन दियो ? के रास्वपाको मुख पुराना शासकहरूको जस्तै विपक्षीमा हुँदा एउटा सरकारमा पुग्दा अर्को हो ?

रास्वपाले निर्वाचनमा 'चुपचाप घण्टीमा छाप' भनी विद्युतीय प्रविधिमार्फत आतङ्कजस्तै फैलाई मत लिएको सार्वजनिक भइरहेको छ । के सरकारमा पुगेपछि रास्वपा सरकारले 'चुपचाप मूल्य वृद्धि' गरी जनतालाई थप आतङ्कित पारेको हो ? पुराना शासक दलजस्तै रास्वपा पनि भारतीय एकाधिकार पुँजीसामु 'निरीह' नै हुने भए कसरी 'नयाँ पार्टी' दाबी गर्न मिल्छ ?




रास्वपा सरकारले आफ्नो निरीह अवस्था लुकाउन विदेशी राजदूतहरूसँगको भेटघाटमा 'नयाँ सरकार हुनु भनेको निरन्तरताबाट विच्छेद हुनु होइन' उल्लेख गर्‍यो । निरन्तरताबाट विच्छेद नहुने भए रास्वपाले आफूलाई नयाँ र जेनजी आन्दोलनको जगमा उठेको सरकार दाबी किन गर्नुपर्‍यो ?

रास्वपा २०७९ असारमा गठन गरिएको हो । दुई चार वर्षमा कुनै पनि राजनीतिक पार्टी र नेतृत्व परिपक्व हुन सक्दैन । यतिखेर प्रश्न उठिरहेको छ । रास्वपाको निर्वाचनमा स्थान र सरकारको नेतृत्व स्वाभाविक कसरी ? रास्वपाका अधिकांश सांसदहरू अन्य शासक पार्टी त्यागेकाहरू भएको पनि सार्वजनिक भइरहेको छ । राजनीतिक पार्टीको जिम्मेवार पदमा पुग्न निरन्तरको शिक्षा-दीक्षा आवश्यक हुन्छ । परोपकारी र राजनीतिक क्षेत्र फरक हुन्छ । राजनीतिक पार्टीको आर्थिक र विदेश मामिला मौलिक हुन्छ । रास्वपाको मौलिक आर्थिक र विदेश मामिला छैन, पुरानो शासक दलसँग मिल्दो छ । रास्वपाले नेपाली जनताबिच सामाजिक न्याय र आर्थिक विषमता हटाउने हो भने नेपालीको सम्पत्तिको सीमा, विदेशमा सम्पत्ति राख्न नपाउने कानुन बनाउनु आवश्यक छ । सुशासन कराएर मात्र कायम हुने होइन ।

संसदीय व्यवस्थामा पार्टीको नेतृत्व नै संसदीय दलको नेतृत्वमा पुग्छ । पार्टी नेतृत्व संसद्मा निर्वाचित नभए मात्र भएका सांसदमध्येबाट संसदीय दलको नेता चयन गरिन्छ । रास्वपामा पार्टी नेतृत्व संसद्मा उपस्थित छ तर संसदीय दलका नेता र प्रधानमन्त्री अर्कै छन् । यसकारण, यतिखेर प्रम रास्वपा कार्यालय नजाने र पार्टी निर्णय नमान्ने अर्थात् दुई धार मौलाएको सार्वजनिक भइरहेको छ ।

विपक्षीलाई शुभलाभमा फसाउने काममा अहिलेको सरकार पनि लागेको सार्वजनिक भयो । श्रम संस्कृति पार्टीका नेता एवम् सांसद हर्क साम्पाङले एक सञ्चारमाध्यममा रास्वपाका प्रमलाई 'विदेशी एजेन्ट' को आरोप लगाएका थिए । संविधानअनुसार सभामुख र उपसभामुख फरक दल र लिङ्गको हुनुपर्ने व्यवस्था छ । रास्वपाले राप्रपा वा श्रम संस्कृति पार्टीलाई उपसभामुख दिने जाल फाल्यो । श्रम संस्कृति पार्टीका नेता साम्पाङले निर्वाचनलगत्तै एमसीसी र एसपीपी खारेजीतर्फ रास्वपा सरकार लाग्नुपर्ने विषय पनि उठाए ।

एमसीसी संसद्बाट पारित गरिएको बेला राप्रपाका सांसद मतदानमा अनुपस्थित भएका थिए । यसकारण, एमसीसी खारेजीको विषय उठाउने श्रम संस्कृति पार्टीलाई रास्वपाले उपसभामुखको पदमा फसाउने नीति लियो । उपसभामुखमा आफ्ना सांसद निर्वाचित भएपछि सांसद साम्पाङले चुनावको बेला मात्र रास्वपाका नेता रविलाई 'सहकारी ठग' र बालेनलाई 'विदेशी दलाल' को आरोप लगाएको स्पष्टीकरण दिए । कोही कुनै व्यक्ति चुनावको बेला आरोपी बन्ने र चुनाव सकिएपछि आरोप मुक्त हुने गर्दैन ।

जेनजी आन्दोलन भदौ २३ गतेबाट सुरु भयो । सो दिन १९ जनाको हत्या भयो । भदौ २४ गते देशभरिका अधिकांश सरकारी भवन संसद्, सिंहदरबार सर्वोच्च अदालत, राष्ट्रपति निवास, प्रम निवास, मन्त्री निवासलगायत र केही निजी भवनमा आगजनी भयो । नेकाको समर्थन र सहभागितासमेत भएको एमाले नेतृत्वको सरकारले भदौ २३ र २४ गतेको घटना हुन नदिने गरी देश र जनताको समस्या समयमा समाधान गर्न सकेन तथा सम्भावित दुर्घटनाको पूर्वानुमान पनि गर्न सकेन । भदौ २४ गते अपराह्न २:४५ बजे प्रम ओलीले राजीनामा दिए । जेनजीको प्रस्तावअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २७ गते राति पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रम बनाए र प्रमको सिफारिसमा संसद विघटन एवम् फागुन २१ गतेलाई निर्वाचन घोषणा गरे ।

निर्वाचन सरकारका प्रम सुशीला कार्कीले भदौ २३ गतेको हत्या र भदौ २४ गतेको आगजनीबारे छानबिन गरी दोषीलाई कारबाहीको सिफारिस गर्न असोज ५ गते तीन महिनाको कार्यअवधि तोकी छानबिन आयोग गठन गरे । कार्यअवधिअनुसार आयोगले पुस ८ गतेभित्र (कार्य प्रारम्भ असोज ९ गते) प्रतिवेदन पेस गर्नुपर्ने थियो तर गरेन । आयोगको अवधि पुस ३ गते एक महिना, माघ ८ गते २० दिन र माघ २६ गते २५ दिन थप गरियो ।

निर्वाचनअघि नै भदौ २३ र २४ गतेका दोषीलाई कारबाहीसहितको प्रतिवेदन पेस गरिएको भए संसद्मा निर्वाचितहरूको तस्वीर नै अलग हुने थियो । आयोगले निर्वाचनको नतिजा प्रकाशित भइसकेपछि मात्र छानबिन प्रतिवेदन सरकारलाई बुझायो । प्रतिवेदनमा भदौ २४ गतेको आगजनीबारे अर्को आयोग गठन गरी छानबिन गर्नुपर्ने सुझाइयो । तर, राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा भदौ २४ गतेको आगजनीका दोषीहरूसमेत किटान गरिएको सार्वजनिक भयो । रास्वपा सरकार राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक गरिरहेको छैन । के नेपाल साम्राज्यवाद र विस्तारवादको चङ्गुलमा झन्झन् फस्दै छ ? के नयाँ भनिएको रास्वपा र यसको सरकार पनि त्यही चङ्गुलमा पर्दै छ ? नेपाली जनता सचेत होऔँ ! भदौ २३ गतेको हत्या र भदौ २४ गतेको आगजनीका दोषीहरूलाई कारबाही गराउन एक स्वरमा बोलौँ !

*२०८२ चैत ३०*

# क्युवाले डाक्टर पठायो, वाशिङटनले एउटा डिस्ट्रोयर !

✍ जफारि एस. एलेन

*(अमेरिकी नाकाबन्दीले असफल राज्य मात्र मारिरहेको छैन ।*
*क्युवा एउटा सानो टापु हो जसले छ दशकदेखि अरूको स्वतन्त्रता आफ्नै मामिलाजस्तो व्यवहार गरिरहेको छ ।)*

जब गत महिना क्युवामा बत्ती निभेर १ करोड मानिसलाई अँध्यारोमा बस्नुपर्‍यो तब अमेरिकी मिडिया कभरेजले आफ्नो प्रयोग भइसकेको पुरानो फ्रेममा प्रतिबिम्बित गर्‍यो, 'एउटा असफल कम्युनिस्ट राज्य, मर्न लागेको शासन, एक अवसर ।' त्यो कभरेजले के देख्न सक्दैन भने, त्यसले क्युवालाई त्यसरी हेरेको छैन जसरी क्युवाले आफूलाई हेरिरहेको छ, जब एकताको तर्कलाई स्वामित्वको तर्कले प्रतिस्थापन गर्छ तब हामीले गुमाउने कुरा यही हो ।

गत हप्ता, प्रतिबन्धित रुसी जहाज, रुसी तेल ट्याङ्कर अनातोली कोलोडकिन्, क्युवाली बन्दरगाह माटान्जासमा आइपुग्यो । यसले पछिल्लो तीन महिनामा देशमा पहिलोपटक तेलको डेलिभरी गर्‍यो, ७,३०,००० ब्यारेल कच्चा तेल अनलोड गर्दै - जुन केवल १० दिनको लागि क्युवाली ऊर्जा आवश्यकताहरू पूरा गर्न पर्याप्त थियो । क्युवातर्फ गइरहेको अर्को रुसी ट्याङ्कर, सी हर्स, भेनेजुयलातिर मोडियो ।

क्युवामाथि अमेरिकी नाकाबन्दी जारी छ, क्यारिबियन सागरमा अमेरिकी डिस्ट्रोयर र अन्य सैन्य जहाजहरूले यसलाई लागू गर्दैछ ।

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प - जसलाई सङ्घीय निर्णायक मण्डलले यौन दुर्व्यवहारको लागि जिम्मेवार ठहराएको छ - क्युवालाई 'लिने' (Taking) 'सम्मान' (The Honour) पाउने अपेक्षा गरेको घोषणा गरेको छ । "मैले यसलाई मुक्त गरे पनि, लिए पनि - मलाई लाग्छ, म यसको साथ जे पनि गर्न सक्छु," उनले भने । यो भाषा जति नै घिनलाग्दो र सायद राजनीतिक रूपमा नखुलेको देखिए पनि, ट्रम्पले ठुलो स्वरमा भने ।

यो सामन्ती-विस्तारवादी तर्क हो र संयोगवश होइन कि, एक बलात्कारीको तर्क । विशेषगरी र ऐतिहासिक रूपमा, यो तर्क अमेरिकाले एक शताब्दीभन्दा बढी समयदेखि क्युवामा लागू गर्दै आएको छ । फ्लोरिडाबाट ९० माइल टाढा रहेको एउटा टापु जसले अस्वीकार गर्ने तरिकाहरू खोजिरह्यो । ट्रम्पसँग अब 'सम्मान' छ जस्तो देखिन्छ - उनका विदेश मन्त्री मार्को रुबियोको सहयोगमा, जसले यसलाई आफ्नो आकाङ्क्षाको केन्द्र बनाएको छ - अन्ततः क्युवालाई आत्मसमर्पण गर्न बाध्य पार्ने ।

अमेरिकी विश्लेषण कसरी हुन्छ भन्नेबारेमा बुझ्नुपर्ने यो सबैभन्दा महत्त्वपूर्ण कुरा हो- आधिकारिक र पत्रकारितापरक - वर्तमान सङ्कट असफल हुँदै छ : समस्या जानकारीको होइन । यो साम्राज्यवादी दृष्टिकोण हो जसले क्युवालाई आफ्नै कथाको नायकको रूपमा भन्दा पनि, कारबाही गर्नुपर्ने सानो खेलाडीको रूपमा पाउँछ ।

म पहिलोपटक १९९० दशकको अन्त्यतिर क्युवा आइपुगेको थिएँ, ल्याटिन अमेरिकी अध्ययन परम्परामा डुबेका एक युवा मानवशास्त्री तालिममा छन् कि यस क्षेत्रमा महत्त्वपूर्ण कुरा वर्ग हो, रङ्ग होइन । क्युवाले केही दिनमै मलाई यसबाट वञ्चित गरायो ।

हवानाको सडकमा हिँड्दै गर्दा, मलाई क्युवाली प्रहरीले बारम्बार रोक्यो र 'डेम कार्नेट' (मलाई तपाईंको परिचयपत्र दिनुहोस्) माग्यो । मेरो वर्णले मलाई, निस्सन्देह, अश्वेत युवा क्युवाली पुरुषको श्रेणीमा राखेको थियो - निगरानी गर्न लायक । यो तर्कसँग म परिचित थिएँ ।

मलाई यो प्रक्रिया पहिले नै थाहा थियो, दक्षिणमा (Deep South) गाडी चलाउनेदेखि अमेरिकाको जुनसुकै ठाउँमा पनि अश्वेत हुँदा भोगिने भौगोलिक स्थिति ।

क्युवामा, जोखिम कम थियो । मेरो आफ्नै मातृभूमिमा जस्तो प्रहरीद्वारा कुनै घातक घाँटी थिचेर मार्ने वा नजिकबाटै गोली हानी हत्या गरिएको छैन । तर, व्यवहार उस्तै थियो: एउटा अश्वेतलाई प्रश्नोत्तर गर्ने अधिकारी, बोल्न सक्नुअघि नै त्यो के हो भनेर निर्णय गर्ने । म क्युवा हेर्न आएको थिएँ । क्युवा पहिले नै पछाडि फर्केर हेरिरहेको थियो ।

यो संवादात्मक दृष्टिकोण - मलाई स्वागत गर्ने राज्यको अधिकारीहरूबिचको कुराकानी, होटल सुरक्षा र विश्वविद्यालयका अधिकारीहरूको मूल्याङ्कनात्मक निगरानी र सबैभन्दा महत्त्वपूर्ण कुरा, मलाई नजिक राख्ने अश्वेत क्युवालीहरू र अश्वेत निर्वासितहरूले क्युवालाई हेर्ने अर्को तरिका सिर्जना गर्‍यो ।

अमेरिकी नीति निर्माताहरू र अनौपचारिक पर्यवेक्षकहरूले पनि क्युवालाई हेर्दा प्रायः एउटा सरल पोस्टकार्ड मात्र देख्छन् । पोस्टकार्डमा भएको क्युवा मैले दस्तावेज गरेको क्युवा होइन । मैले चिनेको क्युवामा म 'डोमिङ्गो' भनेर बोलाएको मान्छेजस्तै मानिसहरू बसोबास गर्थे, जसले हवानाको अनौपचारिक अर्थतन्त्रलाई नेभिगेट गरे- नक्कली सिँगार बेच्ने र अन्य कुनै पनि गतिविधिले उसलाई डिभिसा (Divisa) कमाउँथ्यो वा युरो कि त डलरमा कडा मुद्रा - जबकि उसको श्रीमतीले अपार्टमेन्टको हेरचाह गरिरहेकी हुन्छिन्, नबन्ने काम फत्ते गरेर चतुरताका साथ ।

उनीहरूलाई दुवै नाकाबन्दी थाहा थियो : संयुक्त राज्य अमेरिकाले १९६२ देखि लगाएको नाकाबन्दी र उनीहरूजस्ता धेरैलाई लागेको कि क्युवाली सरकारले आफ्नै जनतामाथि लादेको छ - क्रान्तिले कहिल्यै पूर्ण रूपमा सम्मान नगरेको समानताको प्रवचनले ढाकिएको जातीय र आर्थिक मौनता ।



**घातक इबोला भाइरसको सबैभन्दा खराब प्रकोपसँग लड्न मद्दत गर्न क्युवाली डाक्टर र नर्सहरूको टोली अक्टोबर २२, २०१४ मा लाइबेरियामा**

अनगिन्ती अवसरहरूमा, मैले क्युवालीहरूलाई प्रश्न राखेँ - शिक्षाविद् र साधारण मानिसहरू दुवैलाई : यदि क्रान्तिले सबैलाई मुक्ति दियो भने, किन अझै अश्वेतहरूलाई सीमान्तमा बढी प्रतिनिधित्व गरिन्छ र पेसा र राज्यमा कम प्रतिनिधित्व गरिन्छ ? उत्तरहरू सम्झौता नगर्ने भौतिकवादीहरूबाट आए, भाषा मार्क्सवादी थियो । मोयनिहान (Moynihan) को विश्लेषण थियो । पुँजीवादबाट उत्पन्न अवस्थाहरू; उनीहरूले असफलतालाई अश्वेत ठाने । जिम्मेवारीबाट हात झिक्नु । एउटा अभियोग । "निर्धारित छैन," एक महिलाले भनिन् । 'पूर्व निर्धारित ।' आदि ।

त्यो विश्लेषण फिल्डवर्कमा मैले सामना गरेको मनोवृत्ति मात्र थिएन । यो संरचनात्मक थियो । क्युवाली सरकारको आफ्नै तथ्याङ्क विभागको कुनै आधिकारिक जातीय तथ्याङ्कन भए पनि, समाजशास्त्री क्याट्रिन हान्सिङ र बर्ट हफम्यानद्वारा गरिएको एक हजारभन्दा बढी क्युवालीहरूको २०२० को राष्ट्रव्यापी सर्वेक्षणले मेरो एथनोग्राफिक फिल्डवर्क दस्तावेजले गरेको कुरा पुष्टि गर्‍यो र क्युवामा बस्ने सबैले पहिले नै देख्न सक्थे: संरचनात्मक असमानताहरू पूर्व-क्रान्तिकारी जातीय रेखाहरूमा फर्किरहेका थिए ।

जातीय रूपमा बाहिरिने बसाइँसराइ हुनुको अर्थ १९५९ को क्युवाली क्रान्तिपछि आफन्तहरू गएका गोरा क्युवाली घरपरिवारहरूमा रेमिट्यान्स अत्यधिक मात्रामा प्रवाहित भयो । निजी उद्यमको बिस्तारै उद्घाटनले स्टार्ट-अप पूँजीमा पहुँच भएकाहरूलाई फाइदा पुर्‍यायो, जुन प्रत्यक्ष रूपमा जातिसँग सम्बन्धित थियो ।

जुलाई २०२१ मा, म छक्क परेँ जब क्युवालीहरू - जसमध्ये धेरैजसो टापुको सबैभन्दा गरिब भेगका अश्वेतहरू थिए - सान्टियागो डे क्युवा र हवानाको सडकमा उत्रिए, जुन क्रान्तिपछिको सबैभन्दा ठुलो विरोध प्रदर्शन बन्यो ।

राष्ट्रिय सार्वभौमिकताको लागि सङ्कल्प व्यक्त गर्ने मानक क्रान्तिकारी नारा, 'पाट्रिया ओ मुएर्टे' (मातृभूमि वा मृत्यु) मा उत्रँदै, तिनीहरूले 'पाट्रिया उ भिदा' (मातृभूमि र जीवन) र 'अबाजो ला डिक्टादुरा' (तानाशाही मुर्दावाद) को नारा लगाए । क्युवाली सरकारको प्रतिक्रिया सामूहिक गिरफ्तारी र दशकौं लामो जेल सजाय थियो । मानव अधिकार रेकर्डले देखाएको छ कि दमन, अश्वेत क्युवालीहरूमा पनि असमान रूपमा पर्‍यो ।

दमन र असहमतिलाई दण्डित गर्ने निगरानी संयन्त्रले निरन्तर खोक्रो बन्दै गएको ६७ वर्षको क्रान्तिकारी प्रतिज्ञाले एक विशेष प्रकारको थकान छोड्छ ।

यही कारणले गर्दा धेरै क्युवालीहरू - मैले सम्मान गर्ने मानिसहरूसमेत अब क्युवाली राज्यबाट धेरै कम आशा गर्छन् । यो कुरा स्वीकार गर्नु भनेको क्युवाली अस्पतालहरूको लागि इन्धन बोकेका जहाजहरूलाई अमेरिकी नौसेना दिस्ट्रोयरले धपाएको कुरालाई समर्थन गर्नु होइन । क्युवाली क्रान्तिको सम्भावनाप्रति शोक मनाउन - समतामूलक समाजतर्फ यसले गरेको वास्तविक र धेरै महत्त्वपूर्ण प्रगतिहरू - यसको सट्टामा लिन आउनेजस्तो देखिने कुरालाई स्वागत गर्नु जस्तै होइन ।

तैपनि, यस सङ्कटमा के नष्ट भइरहेको छ भनेर बुझ्नको लागि - तत्कालको मानवीय प्रकोपभन्दा बाहिर - तपाईंले क्युवाले आफ्नो किनारभन्दा बाहिरको संसारको लागि के गर्‍यो भनेर हेर्नुपर्छ । तपाईंले जमैकालाई हेर्नुपर्छ, जहाँ ३० वर्षमा ४,७०० भन्दा बढी क्युवाली चिकित्साकर्मीहरू पुगेका थिए जसले ८० लाखभन्दा बढी बिरामीहरूको उपचार गरे र ७४,००० भन्दा बढी शल्यक्रिया गरे । त्यो व्यवस्था अब समाप्त भएको छ - अमेरिकी दबाबमा समाप्त भएको छ, २७७ क्युवाली स्वास्थ्यकर्मीहरूलाई फिर्ता बोलाइयो, ती क्लिनिकहरूमा निर्भर रहेका मानिसहरूले परिणाम चुपचाप सहन बाध्य भएका छन् ।

तपाईंले २०१४ मा पश्चिम अफ्रिकालाई हेर्नुपर्छ, जब क्युवाले इबोलासँग लड्न ३०० भन्दा बढी डाक्टर र नर्सहरू पठाएको थियो - विश्वको सबैभन्दा ठुलो एकल-देशीय योगदान, पहिले नै कडा प्रतिबन्ध लगाइएको टापुबाट, ती देशहरूलाई जससँग बदलामा ऐक्यबद्धताबाहेक केही दिन थिएन ।

तपाईंले १९७० को दशकको अङ्गोलालाई हेर्नुपर्छ, जब क्युवाली सेनाहरूले रङ्गभेदी दक्षिण अफ्रिकाविरुद्ध मुक्ति आन्दोलनसँगै लडे, दक्षिण अफ्रिकामा स्वतन्त्रता सङ्घर्षको सम्पूर्ण मार्गलाई आकार दिने अन्तर्राष्ट्रवादको अध्यायमा ।

नेल्सन मण्डेलालाई यो थाहा थियो । १९९१ मा जेलबाट रिहा भएपछि उनको पहिलो यात्रा फिडेल क्यास्ट्रोलाई भेट्न हवानाको लागि थियो, जसलाई उनले अफ्रिकी जनताको साथी भने, जबकि यो न त सुरक्षित थियो न त लाभदायक नै ।

नाकाबन्दीमा यही कुरा खतरामा छ । १ करोड मानिसको तत्काल पीडा मात्र होइन - वास्तविक, तत्काल, माग गर्ने प्रतिक्रिया - तर साम्राज्यको तर्कको विपरीत रहेको एकताको ६० वर्षको रेकर्ड तोड्नु ।

क्युवाको सरकार दमनकारी, जातीय रूपमा विरोधाभाषी, आर्थिक रूपमा कमजोर छ । मलाई यस्तो लाग्छ ।

तर, यसले अमेरिकी क्रान्तिकारी असाता शाकुरलाई २० लाख डलरको सङ्घीय इनामको बाबजुद दशकौंसम्म जीवित र स्वतन्त्र राख्यो । क्याट्रिना आँधी र त्यसपछि अश्वेत भेगहरूमा बाँध भत्किँदा अमेरिकालाई क्युवाली डाक्टरहरूले प्रस्ताव गरे । जब वाशिङटनले अस्वीकार गर्‍यो तब घातक भूकम्पपछि उनीहरूलाई पाकिस्तान पठायो, जहाँ उनीहरूले दुर्गम र अत्यधिक गरिब क्षेत्रहरूमा ३० वटा फिल्ड अस्पतालहरू स्थापना गरे । कोभिड-१९ महामारीको समयमा, जब पश्चिमी औषधि कम्पनीहरूले अप्रत्याशित नाफा कमाइरहेको थियो, क्युवाले आफ्नै खोपहरू विकास गर्‍यो र निष्पक्ष प्रविधि हस्तान्तरण सम्झौताहरूमार्फत ग्लोबल साउथसँग साझा गर्‍यो ।

कथाका यी दुवै पक्ष सत्य हुन् । वामपन्थीहरू कहिलेकाहीँ पहिलो सत्यको बारेमा धेरै रोमान्टिक भएका छन् । मध्य र दक्षिणपन्थीहरूले दोस्रोको महत्त्वको बारेमा जानाजानी अज्ञानता देखाएका छन् । यस क्षणको लागि यस्तो दृष्टिकोण चाहिन्छ जसमा कहिल्यै पनि दुईमध्ये एक रोज्ने सुविधा नपाएको होस् । वर्तमान सङ्कटलाई न त साम्राज्यवादी निश्चितताबाट बुझ्न सकिन्छ न त रोमान्टिक ऐक्यबद्धताबाट । अश्वेत क्युवालीहरू दुवै सत्यलाई ती मानिसहरूको रूपमा स्वीकार गर्छन् जसका लागि अविचलितता दार्शनिक स्थिति मात्र होइन, तर उनीहरूको जीवनको अवस्था पनि हो ।

वर्तमान अमेरिकी प्रशासनले क्युवालाई मुक्तिको लागि लायक असफल राज्यको रूपमा चित्रण गर्दछ । यो फ्रेमवर्कले कसको लागि र केबाट मुक्तिको प्रश्नलाई समायोजन गर्न सक्दैन । असाता शाकुर र नेहान्डा अबियोडुनजस्ता अश्वेत अमेरिकी क्रान्तिकारीहरूलाई सुपुर्दगी गर्न क्युवाको अस्वीकारी - राष्ट्रपति रोनाल्ड रेगनदेखि जो बाइडेनसम्मका हरेक प्रशासनमा, सामान्यीकरण र यसको उल्टो, बाराक ओबामाको नरमता र ट्रम्पको रोक्काको मार्फत - घरमै युद्धमा हुनु भनेको के हो भनेर बुझेका र लड्न खडा हुनेहरूलाई सम्मान गर्ने सबै अश्वेत मानिसहरूको तर्फबाट अस्वीकार थियो ।

यसले ती व्यक्तिहरूलाई मान्यता दियो जसका लागि अमेरिकी फौजदारी न्याय प्रणालीले कहिल्यै न्यायको प्रतिनिधित्व गरेको छैन । त्यो क्युवालाई महँगो पर्‍यो । यो नाकाबन्दीले अहिले समाधान गरेको कुराको अंश हो, आंशिक रूपमा ।

जनवरीमा भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोलाई अपहरण गर्ने उही प्रशासन । यस प्रक्रियामा क्युवाको प्राथमिक तेल आपूर्ति काट्ने । इरानमा एकैसाथ युद्ध भइरहेको छ, जहाँ द्वन्द्व र हर्मुज जलडमरूको बन्दले विश्वव्यापी ऊर्जा बजारलाई पुनः आकार दिएको छ र रुसी ट्याङ्करहरू अब क्युवा जाने तेल बोकेर एट्लान्टिक महासागर पार गर्ने सटीक परिस्थिति सिर्जना गरेको छ, जबकि अमेरिकी नौसेना दिस्ट्रोयरले तिनीहरूलाई ट्र्याक गरिरहेको छ ।

क्युवा सधैं एक समकालीन र महत्त्वपूर्ण विश्वव्यापी अभिनेता हो र रहँदै आएको छ । क्युवाप्रतिको धारणा विकृत छ । ६० वर्षको नाकाबन्दीले गर्दा टापुको असफलतालाई अमेरिकाको चर्चाको विषय र यसको ऐक्यबद्धतालाई अमेरिकाको गुनासो बनाएको थियो ।

वर्तमान सङ्कटको लागि माथिबाट मध्यस्थता गरिएको नयाँ सम्झौता आवश्यक छैन । निश्चित रूपमा मुक्तिको रूपमा वर्णन गरिएको 'मातहतमा लिने' होइन । क्युवाले के राख्यो भन्ने कुराको हिसाबकिताब चाहिन्छ । यसको क्यारिबियन छिमेकीहरूका लागि, अफ्रिका र ग्लोबल साउथका लागि, डायस्पोराभरिका अश्वेत मानिसहरूका लागि र यसको थकित, सम्झौता गरिएको, विरोधाभासी क्रान्तिले के गर्न सकेन भन्ने कुराको इमानदार लेखाजोखा ।

रुसी ट्याङ्कर अनातोली कोलोडकिन माटान्जास बन्दरगाहमा छ । दोस्रो रुसी ट्याङ्कर पहिले नै लोड भइरहेको छ । साम्राज्यवादमुक्त ल्याटिन अमेरिकाको कल्पना गर्दै क्युवाली कवि होसे मार्तीले १८९१ मा लेखेको निबन्धको नामबाट नामकरण गरिएको 'नुएस्ट्रा अमेरिका' राहत जहाजमार्फत ६५० जनाको समूह क्युवा आइपुगे ।

तीन महादेशहरूमा रहेका पान-अफ्रिकी आन्दोलनहरूले क्युवाको ६० वर्षको रेकर्डको बारेमा भने, तपाईंले हामीलाई व्याख्यान दिनुभएको छैन; तपाईंले हामीलाई देखाउनुभएको छ । मुट्ठी आफ्नै सर्तमा खुल्छ – अनि क्युवाले ऐक्यबद्धतामार्फत निर्माण गरेको संसार जसरी पनि देखा परिरहन्छ - दिस्ट्रोयरभन्दा ढिलो, कम हतियारधारी, तैपनि टापुतर्फ बढिरहेको छ ।

*(लेखक कोलम्बिया विश्वविद्यालयको अफ्रिकी अमेरिकी र अफ्रिकी डायस्पोरा अध्ययन विभागका प्राध्यापक हुन् ।)*

***- 'अलजजिरा' बाट***

# नाजुक युद्धविरामबिच अनिश्चित शान्ति प्रयास



इजरायली आक्रमणले ध्वस्त भएको लेबनानको राजधानी बेरुतको एक भाग । *तस्बिर : एएफपी*

बेरुत, १७ अप्रिल (एपी) । हप्तौँदेखि जारी विनाशकारी सङ्घर्षपछि इजरायल र लेबनानबिच १० दिनका लागि युद्धविराम सुरु भए पनि मैदानको अवस्था अझै अनिश्चित देखिएको छ । मध्यरातदेखि लागू भएको यो सहमति क्षेत्रीय तनाव कम गर्ने प्रयासको रूपमा प्रस्तुत गरिएको छ, तर जमिनमा जारी झडप, अस्पष्ट सर्तहरू र आपसी अविश्वासले यसको दीर्घकालीन प्रभावमाथि प्रश्न उठाएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यो युद्धविरामको घोषणा गरेका हुन् । यद्यपि, इजरायल प्रत्यक्ष रूपमा लेबनान सरकारसँग भन्दा पनि त्यहाँ सक्रिय इरानसमर्थित हिजबुल्लाह लडाकू समूहसँग युद्धरत रहेको तथ्यले सम्झौताको प्रभावकारितामाथि शङ्का उत्पन्न गरेको छ, किनकि उक्त समूह औपचारिक रूपमा सम्झौतामा समावेश छैन ।

युद्धविराम सुरु भएसँगै बेरुतका विभिन्न स्थानमा बासिन्दाहरूले हर्ष प्रकट गर्दै हावामा गोली चलाएका थिए । तर, यही बिचमा केही क्षेत्रमा गोलीबारी र आक्रमणका घटनाहरू जारी रहेको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । दक्षिणी लेबनानका खियाम र डिब्बाइन गाउँमा युद्धविराम लागू भएको आधा घण्टापछि पनि इजरायली गोलाबारी भएको रिपोर्ट सार्वजनिक भएको छ ।

युद्धका कारण विस्थापित भएका लाखौं मानिसहरू घर फर्कने प्रयासमा लागे पनि अधिकारीहरूले अवस्था पूर्ण रूपमा सुरक्षित नभएसम्म प्रतीक्षा गर्न आग्रह गरेका छन् । करिब १० लाख मानिस अझै विस्थापित अवस्थामा छन् र उनीहरूको सुरक्षित फिर्ती कहिले सम्भव हुन्छ भन्ने स्पष्ट छैन ।

यसैबिच हिजबुल्लाहले आफ्नो भूमिमा रहेको इजरायली उपस्थितिलाई कब्जाको रूपमा व्याख्या गर्दै त्यसविरुद्ध प्रतिरोध गर्ने अधिकार कायम रहेको जनाएको छ । समूहले भविष्यको कदम परिस्थितिअनुसार निर्धारण गरिने सङ्केत दिएको छ, जसले युद्धविरामलाई थप जटिल बनाएको छ ।

अमेरिकी विदेश मन्त्रालयले सम्झौताअनुसार इजरायललाई कुनै पनि सम्भावित वा जारी आक्रमणविरुद्ध आफूलाई जोगाउने अधिकार सुरक्षित रहेको जनाएको छ । तर, अन्य अवस्थामा लेबनानी लक्ष्यहरूविरुद्ध आक्रामक सैन्य कारबाही नगर्ने उल्लेख गरिएको छ । यद्यपि, यस व्यवस्थाले इजरायललाई आवश्यक ठानेको अवस्थामा कारबाही गर्ने स्वतन्त्रता दिने सङ्केत गरेको विश्लेषण गरिएको छ ।

युद्धविराम सुरु हुनुअघि हिजबुल्लाहले उत्तरी इजरायलका सहरहरूमा रकेट आक्रमण जारी राखेको थियो भने मध्यरातअघि केही सीमावर्ती क्षेत्रमा हवाई हमलाका साइरन बजेका थिए ।

यो सहमति वासिङ्टनमा भएको कूटनीतिक पहलपछि सम्भव भएको बताइएको छ । अमेरिकी प्रशासनका अनुसार इजरायल र लेबनानका प्रतिनिधिहरूबिच भएको छलफल, त्यसपछि भएका उच्चस्तरीय फोन वार्ताहरू र विदेश मन्त्रालयको सक्रिय भूमिकाले समझदारीको वातावरण तयार गरेको थियो । दशकौँपछि दुई देशबिच प्रत्यक्ष कूटनीतिक संवाद भएको पनि जनाइएको छ ।

लेबनानले भने दीर्घकालीन वार्ताअघि युद्धविराम अनिवार्य शर्त रहेको बताउँदै आएको छ । साथै हिजबुल्लाहलाई निशस्त्र पार्ने विषयमा पनि प्रतिबद्धता जनाएको छ, यद्यपि यो प्रक्रिया जटिल र विवादास्पद बन्ने देखिएको छ ।

सन् १९४८ मा इजरायल स्थापना भएदेखि नै दुवै देशबिच औपचारिक रूपमा युद्धकै अवस्था कायम रहेको छ । सन् १९८३ मा भएको एउटा शान्ति सम्झौता लेबनानको गृहयुद्धका कारण कार्यान्वयन हुन नसकी अन्तत: खारेज भएको थियो ।

यसबिच क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा पनि कूटनीतिक गतिविधि तीव्र बनेका छन् । पाकिस्तानका सेना प्रमुखले इरानका उच्च अधिकारीसँग भेट गरी युद्धविराम विस्तारका लागि पहल गर्नुभएको छ । अमेरिका र इरानबिच पनि थप वार्ताको सम्भावना रहेको बताइएको छ, जसका लागि इस्लामाबादलाई सम्भावित स्थलको रूपमा हेरिएको छ ।

तर, तनाव अझै कायम छ । इरानले आफ्नो बन्दरगाहमाथि अमेरिकी नाकाबन्दी हटाउन चेतावनी दिएको छ भने जलमार्ग अवरुद्ध गर्ने धम्कीसमेत दिएको छ । यसले विश्वव्यापी तेल आपूर्ति र अर्थतन्त्रमा असर पारेको छ । युद्धका कारण तेलको मूल्यमा तीव्र उतारचढाव देखिएको छ भने विश्व बजारमा अस्थिरता बढेको छ ।

यस सङ्घर्षमा हालसम्म हजारौँ मानिसको ज्यान गइसकेको छ । इरानमा कम्तीमा तीन हजार, लेबनानमा दुई हजारभन्दा बढी र इजरायलमा दुई दर्जनभन्दा बढी मानिस मारिएका छन् । साथै अन्य खाडी मुलुक र अमेरिकी सैनिकहरू पनि प्रभावित भएका छन् ।

मध्यस्थकर्ताहरूले अहिले तीन प्रमुख मुद्दामा सहमति खोजिरहेका छन् - इरानको आणविक कार्यक्रम, स्ट्रेट अफ होर्मुजमार्फत हुने तेल आपूर्ति र युद्धबाट भएको क्षतिको क्षतिपूर्ति । यी विषयमा प्रगति भए मात्र दीर्घकालीन शान्ति सम्भव हुने विश्लेषकहरूको भनाइ छ ।

अहिलेको अवस्थामा युद्धविरामले तत्कालका लागि राहत दिएको देखिए पनि यसको भविष्य अनिश्चित छ । साना घटनाले पनि फेरि ठुलो द्वन्द्व भड्किने जोखिम यथावत् रहेको छ ।

## विश्व सङ्क्षेप

# इन्डोनेसियामा हेलिकप्टर दुर्घटना, आठ जनाको मृत्यु

जकार्ता, १७ अप्रिल (एएपपी) । इन्डोनेसियाको बोर्नियो टापुको घना जङ्गलमा एउटा निजी हेलिकप्टर दुर्घटना हुँदा चालक दलका दुई सदस्यसहित र छ जना यात्रुको मृत्यु भएको यातायात मन्त्रालयले शुक्रबार जनाएको छ ।

म्याथ्यू एयर नुसान्टाराको स्वामित्वमा रहेको हेलिकप्टरले पश्चिम कालिमान्टन प्रान्तमा उडान भरेको करिब पाँच मिनेटपछि हवाई यातायात नियन्त्रणसँग सम्पर्क गुमाएको जनाइएको छ ।

विमानमा एक जना मलेसियाली नागरिकसमेत सवार रहेको नागरिक उड्डयन महानिर्देशक लुकमान एफ. लाइसाले विज्ञप्तिमार्फत जनाउनुभएको छ । सूचनाको आधारमा संयुक्त खोजी र उद्धार टोलीले विमान दुर्घटनास्थल पत्ता लगाएको उल्लेख गर्दै हेकिप्टरमा सवार सबै यात्रु तथा चालक दलका सदस्यहरूको मृत्यु भएको पुष्टि भएको विज्ञप्तिमा उल्लेख छ ।

शवहरू प्रान्तीय राजधानी पोन्टियानाकमा लगिएको मेडले बताउनुभएको छ ।

यसअघि जनवरीमा मत्स्यपालन मन्त्रालयले भाडामा लिएको टर्बोप्रप हेलिकप्टर सुलावेसी टापुको पाहाडमा दुर्घटना हुँदा विमानमा सवार सबै १० जनाको मृत्यु भएको थियो ।

गत वर्षको सेप्टेम्बरमा, दक्षिण कालिमान्टन प्रान्तमा छ जना यात्रु र दुई जना चालक दलका सदस्य बोकेको हेलिकप्टर दुर्घटना हुँदा हेलिकप्टरमा सवार सबै यात्रु तथा चालक दलका सदस्यहरूको मृत्यु भएको थियो ।

यसअघि इलागाको दुर्गम पपुवा जिल्लामा अर्को हेलिकप्टर दुर्घटना हुँदा चार जनाको मृत्यु भएको थियो ।

# म्यान्मा : नयाँ वर्षमा कैदी रिहाइ, तर राजनीति यथावत्

बैङ्कक, १७ अप्रिल (एपी) । म्यान्मामा परम्परागत नयाँ वर्षको अवसरमा हजारौँ कैदीहरू रिहा गरिए पनि राजनीतिक बन्दीहरूको भविष्य भने अझै अन्योलमै देखिएको छ । सैनिक नेतृत्वले आम माफी घोषणा गर्दै चार हजार ५०० भन्दा बढी कैदीलाई रिहा गरेको जनाएको छ, तर प्रमुख विपक्षी नेता तथा सैन्य शासनविरुद्ध उभिएका हजारौँ व्यक्तिहरू यस निर्णयबाट बाहिरै राखिएको सङ्केत देखिएको छ ।

राष्ट्रपति मिन आङ ह्लाइङले नयाँ वर्षको उपलक्ष्यमा माफी आदेश जारी गर्नुभएको हो । राज्य सञ्चालित एमआरटिभी टेलिभिजनका अनुसार चार हजार ३३५ कैदीहरूलाई पूर्ण माफी दिइएको छ भने करिब १८० विदेशी कैदीलाई पनि रिहा गरी देशनिकाला गरिने व्यवस्था गरिएको छ । साथै अन्य कैदीहरूको सजायसमेत घटाइएको छ, जसअनुसार मृत्युदण्डलाई आजीवन कारावासमा, आजीवन कारावासलाई ४० वर्षमा र ४० वर्षभन्दा कम सजायलाई करिब एक-छैटौँ (झण्डै १७ प्रतिशत) ले घटाइएको छ ।

रिहा गरिएका व्यक्तिहरूको पहिचान तत्काल सार्वजनिक गरिएको छैन । याङ्गुनको इन्सेन जेलबाहिर भने बिहानदेखि नै कैदीका आफन्त र साथीभाइहरू भेला भएर आफ्ना प्रियजनहरूको प्रतीक्षामा बसेका थिए । तर, यस माफीमा पूर्वनेता आङ सान सुकी समावेश हुने वा सैन्य शासनविरुद्ध आन्दोलनका क्रममा पक्राउ परेका हजारौँ राजनीतिक बन्दीहरू छुट्ने कुनै स्पष्ट सङ्केत देखिएको छैन ।

सुकीलाई लगाइएको २७ वर्षको सजायमा यो माफीअन्तर्गत करिब साढे चार वर्ष घट्ने अनुमान गरिएको छ, तर पूर्ण रिहाइको सम्भावना भने देखिएको छैन । देशभित्र राजनीतिक बन्दीहरूको ठुलो सङ्ख्या अझै जेलमै रहेको मानवअधिकारकर्मीहरूको भनाइ छ ।

यो माफी हालै सम्पन्न विवादास्पद निर्वाचनपछि आएको हो । आलोचकहरूले उक्त चुनाव स्वतन्त्र र निष्पक्ष नभएको दाबी गर्दै त्यसलाई सेनाले आफ्नो सत्ता कायम राख्न योजनाबद्ध रूपमा प्रयोग गरेको आरोप लगाएका छन् । चुनावपछि एक हप्तामै माफी घोषणा हुनु पनि राजनीतिक सन्देशसँग जोडिएको रूपमा हेरिएको छ ।

आफ्नो उद्घाटन भाषणमा मिन आङ ह्लाइङले सामाजिक मेलमिलाप, न्याय र शान्तिलाई प्रवर्द्धन गर्ने उद्देश्यले यस्ता माफीहरू कार्यान्वयन गरिने बताउनुभएको थियो । तर, व्यवहारमा भने राजनीतिक असन्तुष्टहरूलाई समेट्ने सङ्केत नदेखिएकाले आलोचना भइरहेको छ ।

म्यान्मामा विशेष अवसरहरूमा कैदी रिहा गर्ने परम्परा पुरानै भए पनि अहिलेको सन्दर्भमा यसको राजनीतिक अर्थ फरक रूपमा व्याख्या भइरहेको छ । सन् २०२१ मा सेनाले सत्ता कब्जा गरेपछि देशभर व्यापक विरोध प्रदर्शन भएको थियो, जुन क्रमश: सशस्त्र द्वन्द्वमा परिणत भएको छ ।

अधिकार अनुगमन संस्था असिस्टेन्स एसोसिएसन फर पोलिटिकल प्रिजनर्सका अनुसार सैनिक हस्तक्षेपपछि हालसम्म करिब आठ हजार सर्वसाधारण मारिएका छन् भने आङ सान सुकीसहित करिब २२ हजार १७० राजनीतिक बन्दीहरू जेलमा छन् । यद्यपि, वास्तविक मृतक सङ्ख्या अझ बढी हुन सक्ने अनुमान गरिएको छ ।

धेरै राजनीतिक बन्दीलाई 'भड्काउने' अभियोगमा पक्राउ गरिएको छ, जुन कानुन सरकार वा सेनाको आलोचना गर्नेहरूलाई नियन्त्रणमा लिन व्यापक रूपमा प्रयोग हुँदै आएको छ । यसअन्तर्गत तीन वर्षसम्मको जेल सजाय हुन सक्छ । अन्यलाई आतङ्कवादविरोधी कानुनअन्तर्गत मुद्दा चलाइएको छ, जसमा मृत्युदण्डसम्मको सजायको प्रावधान छ । यी कानुनहरू पत्रकार, राजनीतिक कार्यकर्ता र असहमति जनाउने नागरिकहरूलाई लक्षित गर्न प्रयोग गरिएको आरोप लाग्दै आएको छ ।

# दक्षिण फिलिपिन्समा उग्रवादीमाथि कारबाही

मनिला, १७ अप्रिल (एएफपी) । दक्षिण फिलिपिन्समा इस्लामवादी उग्रवादी सञ्जालविरुद्ध सुरक्षा बलले सञ्चालन गरेको कारबाहीमा १० जना संदिग्ध लडाकू मारिएका छन् । पक्राउ गर्ने प्रयासका क्रममा उनीहरूले प्रतिरोध गरेपछि एक घण्टासम्म चलेको भीषण गोलीबारीमा उनीहरूको मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार घटना मुस्लिम जनसङ्ख्या बढी रहेको दक्षिणी क्षेत्रमा भएको हो । त्यहाँ इस्लामिक स्टेटबाट प्रेरित साना समूहहरू अझै सक्रिय रहेको बताइन्छ । सुरक्षा बलहरू बिहान हुनुअघि माराान्टाओ सहर नजिक पुगेका थिए, जहाँ मौटे-दौला इस्लामिया नामक सशस्त्र समूहका नेता आमेरोल मङ्गोरान्कालाई पक्राउ गर्ने योजना थियो ।

मङ्गोरान्का र उनको समूहविरुद्ध हत्या, अपहरण तथा अन्य गम्भीर आपराधिक गतिविधिमा संलग्न रहेको आरोपमा गिरफ्तारी वारेन्ट जारी गरिएको थियो । तर, पक्राउ गर्ने प्रयाससँगै उनका समूहका सदस्यहरूले प्रतिरोध जनाएपछि सुरक्षाकर्मी र उग्रवादीबिच गोली हानाहान सुरु भएको थियो ।

क्षेत्रीय प्रहरी प्रतिवेदनअनुसार उक्त मुठभेडमा मङ्गोरान्का स्वयं पनि मारिएका छन् । घटनामा उनकी श्रीमती र अन्य तीन महिलासहित समूहका सदस्यहरू संलग्न थिए । झन्डै एक घण्टा चलेको गोलीबारीपछि सुरक्षा बलले स्थिति नियन्त्रणमा लिएको जनाएको छ ।

सैन्य स्रोतका अनुसार कारबाहीपछि घटनास्थलबाट एक शिशु जीवित अवस्थामा फेला पारिएको छ । उक्त शिशु कसरी त्यहाँ पुगेको भन्नेबारे थप अनुसन्धान भइरहेको छ । सुरक्षाकर्मीको तर्फबाट भने कुनै हताहत नभएको जनाइएको छ भने घटनास्थलबाट हतियार तथा विस्फोटक सामग्री बरामद गरिएको छ ।

फिलिपिन्स सेनाको पहिलो इन्फेन्ट्री डिभिजनले जारी गरेको विवरणमा उक्त समूह यस वर्षको जनवरीमा चार सैनिकको मृत्यु र एक जना घाइते भएको घटनामा संलग्न रहेको आशङ्का गरिएको उल्लेख छ । सैन्य अधिकारीहरूका अनुसार मारिएका लडाकूहरू विगतमा भएका ठुला आक्रमणहरूमा संलग्न सञ्जालकै हिस्सा थिए ।

सैन्य कमान्डर मेजर जनरल येगोर बारोकिलोले ती उग्रवादीहरू मारावी सहरमा भएको ऐतिहासिक घेराबन्दी र त्यसपछिका वर्षहरूमा भएका हिंसात्मक गतिविधिसँग सम्बन्धित रहेको बताउनुभयो । सन् २०१७ को मे महिनामा सयौँ स्थानीय तथा विदेशी लडाकूहरूले मिन्डानाओस्थित मारावी सहर कब्जा गरेका थिए, जसलाई इस्लामिक शासनअन्तर्गत ल्याउने उद्देश्य रहेको बताइएको थियो ।

उक्त घटनापछि सरकारी फौजले सञ्चालन गरेको पाँच महिनासम्मको कडा सैन्य कारबाहीमा एक हजारभन्दा बढी मानिसको ज्यान गएको थियो । अन्तत: उग्रवादी समूहका प्रमुख नेताहरू मारिएपछि घेराबन्दी अन्त्य भएको थियो ।

हालको घटनाले दक्षिण फिलिपिन्समा उग्रवादी गतिविधि पूर्ण रूपमा अन्त्य नभएको सङ्केत दिएको छ । सुरक्षा निकायहरूले यस्ता समूहहरू अझै सक्रिय रहेकाले निरन्तर निगरानी र कारबाही आवश्यक रहेको बताएका छन् ।

हास्यव्यङ्ग्य

# नयाँ कर व्यवस्थाबाट आर्थिक सुधार !

✍ इकुश्रे

सरकारको कर व्यवस्था करलाग्दी र निकै कर्कश छ । सम्झ्यो कि मलाई त कान खाने करी कराउन मन लाग्छ । नेपाली उखानले भन्छ, “हुने हार दैव नटार ।” तर, अहिलेको राजनीतिक परिवेशले त्यसलाई नयाँ पहिरन पहिऱ्याएको छ, “अनावश्यक कर जनता नटार ।” कुनै पनि देशको राज्य सञ्चालनको सार करमा अडिएको छ । तर, हाम्रो देशको करको शैली र सन्दर्भले गणतन्त्र र सङ्घीयतापछि नाटकीय मोड लिएको छ । पहिले सानो संरचना, सीमित आवश्यकता र सामान्य खर्चले राज्य सजिलै चल्थ्यो, अहिले सङ्घीयताको सिँढीले सत्ता संरचनालाई सहरदेखि गाउँसम्म फैलाइदिएको छ । सत्ताका टाउका बढ्दै जाँदा तिनलाई पाल्ने ढुकुटी जसरी पनि मोटाउनुपर्ने बाध्यता छ । यही बाध्यतालाई बेस्सरी बुझ्दा र सार्वजनिक ऋणको अङ्क झन्झन् बढेको सुन्दा कुनै न कुनै उपायले भए पनि करको विषय र दर अझै बढाउनै पर्ने देखिन्छ ।

कर लाउनुपर्ने पहिलो विषय हो - भुँडी । हामी सबैको देखिने ‘ठुलो सम्पत्ति’ भनेकै भुँडी हो । सबैले एउटा एउटा टमक्क लाएर बोक्यो, हिँड्यो । जत्रोसुकै बोकियोस् - यो न कतै नापजाँचको झन्झटमा पर्छ न कुनै कार्यालयमा कागजी प्रक्रियामा अल्झिन्छ तर सार्वजनिक रूपमा सधैँ प्रदर्शनमा हुन्छ नै । भुँडी जति ठुलो, भोग त्यति गहिरो र श्रम त्यति पातलो भन्ने सामाजिक सङ्केत छ । यदि राज्यले भुँडीको आयतनअनुसार कर तोक्ने हो भने, त्यो कर तिर्नेभन्दा पहिले मानिसले पेट घटाउने प्रयास गर्नेछन् । तपाईंले कहिल्यै विचार गर्नुभएको छ ? करको डरले बिहानबिहानै त्यसमा पनि खासगरी पीपलको रूख ताकेर बेतोडले कुदेको मान्छे स्वस्थ हुन्छ । त्यस्तो स्वस्थ नागरिकले अस्पताललाई बेरोजगार बनाउँछ । यस्तो करामती नीतिले एकैचोटि दुईतिर दुई चोट हान्छ । एकातिर स्वास्थ्य सुधार, अर्कोतिर आर्थिक उदार ! देशका सबै नागरिकले ‘भुँडी घटाउने बजेट बढाउने’ यो शैली अवलम्बन गर्ने हो भने देश विकासको नारा नै फेरिएर, ‘पेटमा प्रहार, देशमा सुधार’ बन्न बेर छैन ।

हाम्रा केही व्यसन र बानीबेहोरालाई पनि कर लाउनुपर्ने भएको छ । हाम्रो नीति विचित्रको विडम्बनाले भरिएको छ - घरकै भाँडोमा पकाएको जाँडलाई अपराध ठानिन्छ तर विदेशी बोतलमा बन्द मदिरालाई सम्मानको आसन दिइन्छ । यस्तो अवस्थामा हाम्रो कर नीति नै राष्ट्रियताप्रतिको कठोर प्रहार बनेको देखिन्छ । विदेशी बियर र चुरोटमा करको दर केही नभए पनि तेब्बर बढाइयो भने त्यो किन्नेहरू किन्नुअघि तीन पटक सोच्नेछन् । “धुवाँ उडाउन खोज्नेले पहिले गोजी उडाउनुपर्छ” भनेझैँ धूमपान गर्नेजति सबैलाई सवारी साधनको रिन्यु गराए जस्तो सालैपिच्छे ‘धुवाँ कर’ लगाइदिने हो भने जानअन्जानमा गर्ने गरिएको धूमपान आफैँ घट्नेछ । अर्कोतर्फ, हाम्रो ‘तीनपाने’ लाई तिरस्कार होइन, व्यापारिक पहिचान दिन सकियो भने त्यो अन्तर्राष्ट्रिय बजारमा पनि चम्किन सक्छ । यसरी व्यसनलाई नियन्त्रण मात्र होइन, शासन र अवसरमा रूपान्तरण गर्ने नीति लिइएमा ‘स्वदेशी ऐला खपत, विदेशी रक्सी जफत’ को सूत्र साकार हुन बेर लाग्ने छैन ।

‘समय’ लाई नै कर लाउने सवाल झन् रोचक छ । आजको पुस्ताले सुनजस्तो समयलाई सस्तो स्क्रोलिङमा साटिरहेको छ । पुरुषहरू कपालको कलर मिलाउन घण्टौँ खर्च गर्छन् । मोबाइलको माया मस्तिष्कमा मडारिन्छ र श्रमको सट्टा सेल्फीको संस्कार बढिरहेको छ । यदि लामो कपाल पाल्नेलाई ‘सौन्दर्य कर’ लगाइयो भने त्यो केवल कपाल काट्ने बहाना होइन, समय बचाउने अभियान बन्न सक्छ । मोबाइलको अत्यधिक प्रयोगमाथि ‘डिजिटल डिटक्स कर’ लगाउँदा मान्छे भर्चुअल भुलभुलैयाबाट निस्केर वास्तविक खेतबारीतिर फर्किनेछन् । “जब स्क्रोल घट्छ तब उत्पादन बढ्छ” भन्ने नारा व्यवहारमा उतार्न यस्तो करले मद्दत गर्न सक्छ । यसरी समयलाई करको तराजुमा राख्दा जीवनको लय नै बदलिन सक्छ ।

शृङ्गार र सुनको प्रसङ्गमा हाम्रो समाज ‘देखासिकी’ को दलदलमा डुबेको छ । परम्परागत सौन्दर्यले सभ्यता सजाउँछ तर अति शृङ्गारले अर्थतन्त्र सुकाउँछ । ब्युटी पार्लरहरूले अनुहारसँगै आम्दानी पनि रङ्ग्याइरहेका छन् । यदि अनावश्यक शृङ्गारमा कर लगाइयो भने त्यो खर्चमा कटौती मात्र होइन, सादगीको संस्कारको पुनर्जागरण हुनेछ । “ओठमा लालीको ओस होइन, खातामा कति बाँकी छ भन्ने होस र आज म यति काम गर्छु भन्ने जोस चाहिन्छ । यस्तो सोच विकास गर्न ‘समय र शृङ्गार कर नीति’ ले सहयोग पुऱ्याउँछ । शृङ्गारकै सम्बन्धमा कुरो के भने, सुनको अत्यधिक प्रदर्शनले सुरक्षा जोखिम मात्र होइन, पुँजीको निष्क्रियता पनि बढाउँछ । यदि सुनलाई बैङ्कमा राखेर उत्पादनमा लगाइयो भने अर्थतन्त्र गतिशील बन्न सक्छ । “घाँटीमा झुन्डिएको सुन सुत्छ, लगानीमा गएको सुन उठ्छ” - यस्तो चेतना जगाउन करको कडाइ उपयोगी हुन सक्छ ।

‘भोजभतेर कर’ - लगाउन बाँकी कर यो पनि हो । सामाजिक उत्सवहरूको कुरा गर्दा त हाम्रो समाजले प्रदर्शनको पराकाष्ठा पार गरेको छ । विवाह, भोजभतेर र व्रतबन्ध - सबै ठाउँमा प्रतिस्पर्धा, प्रदर्शन र खर्चको चर्को चाप छ । सयौँ पाहुनालाई बोलाउने, लाखौँ रूपैयाँ खर्च गर्ने, र टनका टन खाना खेर फाल्ने प्रवृत्तिले समाजलाई आर्थिक रूपमा कमजोर बनाउँदै छ । यदि सरकारले खासगरी बिहेको जन्ती र भोजको गन्ती गरी पाहुनाको सङ्ख्या सीमित गऱ्यो र नियम उल्लङ्घन गर्नेहरूलाई खर्च बराबरको ‘विलासिता कर’ तिरायो भने त्यो सामाजिक सुधारको सशक्त उपाय बन्न सक्छ । “खानाभन्दा करको डर ठुलो भयो भने थाल सानो हुन्छ तर ढुकुटी ठुलो हुन्छ” - यस्तो सोचले समाजलाई सन्तुलित बनाउँछ ।

समग्रमा हेर्दा यी प्रस्तावहरू सतहमा हास्यास्पदजस्ता देखिए पनि गहिराइमा गम्भीर अर्थशास्त्र बोकेका छन् । करको दायरा केवल आम्दानीमा सीमित नराखी व्यवहार, बानी र जीवनशैलीसम्म विस्तार गर्दा समाजमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । भुँडी घटाउने बहानामा स्वास्थ्य सुधार, व्यसन नियन्त्रणको नाममा स्वदेशी उत्पादनको प्रवर्द्धन, समय बचतको माध्यमबाट उत्पादन वृद्धि र विलासिता नियन्त्रणबाट आर्थिक सन्तुलन - यी सबै उपायहरू देवकोटाको दिमागलाई सम्झेर उत्पन्न भएका व्यवहारिक विचार हुन् । यति भनेपछि यहाँ प्रस्तुत गरिएका दरा विचारलाई कसैले पनि दबाउन सक्ला जस्तो लाग्दैन मलाई ।

अन्ततः, देश बनाउने कुरा केवल नीतिको नारा होइन, नागरिकको निष्ठा र जीवनशैलीको लय पनि हो । जब नागरिक सादगी अपनाउँछन्, श्रममा रमाउँछन् र खर्चमा संयम देखाउँछन्, तब मात्र राज्य सुदृढ बन्छ । कर तिर्नु कर्तव्य हो, तर कर लगाउने ठाउँको चयन नै सबैभन्दा संवेदनशील विषय हो । गरिबको थाप्लामा कर थोपर्नुभन्दा धनीको भुँडी र विलासितामा कर लगाउनु नै न्यायसङ्गत हुन्छ । अन्तिममा फेरि भन्न मन लाग्यो, “भुँडी घट्यो भने विकास बजेट बढ्छ, विलासिता घट्यो भने विकासको गति उकालो चढ्छ ।” यही सूत्रात्मक सन्तुलन समात्न सके मात्र हाम्रो अर्थतन्त्रले साँच्चिकै नयाँ मोड पहिल्याउन सक्छ ।

लघु कथा

# माहुरी र विद्यार्थी

● सुमन

जङ्गलको छेउमै एउटा गाउँ थियो । जङ्गलको अर्को छेउमा एउटा आधारभूत विद्यालय थियो । त्यो जङ्गलको बाटो भएर त्यस गाउँका विद्यार्थी भाइ बहिनीहरू विद्यालय जानुपर्थ्यो । शिक्षकले विद्यार्थीलाई आइतबार विद्यालय आउँदा भालु, दुम्सीको जस्तो कपाल चट्ट पारेर काटी नुहाएर आउनू भनी पठाउनुभएको थियो । शनिबारको दिन थियो । त्यही भएर त्यस विद्यालयका विद्यार्थी तेन्जिङ शेर्पा नाङ्लोको, राजु थापा पाइपको र जनक यादवको साइकलको टायरको चक्का गुडाउँदै जङ्गलको बाटो हुँदै खोलातिर गए । जङ्गलको बिचमा पुगेपछि बाटोमै जनकले एउटा रुखको हाँगोमा एउटा अचम्मको पोको देखे । उनले बाटोमा टक्क उभिएर साथीहरूलाई पोकोतिर औँला सोझ्याएर भने, “ऊ त्यो पोको के को होला है !” तीनै जना साथीहरू बाटोमा टक्क उभिए ! आफूहरूले गुडाउँदै आएको पाङ्ग्रा टाउकोमा छिराएर काँधमा बोकी बिस्तारै पोको नजिक गएर अभिरुचिपूर्वक हेरे ।

तेन्जिङले पनि अचम्म मान्दै भने, “ए उनीहरू त माहुरी हुन् । उनीहरू एकढिक्का भएर क्या मिलेर बसेका छन् । बाहिरबाट आएका सबै माहुरीले खुट्टामा पहेँलो डल्लो बोकेर आएका छन् । त्यो के होला हँ ! त्यसलाई त्यहाँ जम्मा गरेर फेरि उठिहाले । उनीहरू कति मेहनती, कर्मशील र अनुशासित छन् है ? अरु केही बाँकी माहुरी त्यही सुरक्षा र हेरविचार गरी बसेका छन् । त्यो जम्मा गरेको पहेँलो वस्तु पछि पक्कै मह बन्ने होला । उनीहरूले त त्यो महलाई चोरेर, लुकाएर खाए पनि हुन्थ्यो है !”

“धत् ! कस्तो स्वार्थी”, साथी तेन्जिङलाई झपार्दै राजुले भने, “अस्ति सरले माहुरीको पाठ पढाउनुहुँदा उनीहरू सामाजिक प्राणी हुन्; हामीले पनि उनीहरूले जस्तो निःस्वार्थी, कर्मशील, अनुशासित भएर काम गर्नुपर्छ । त्यस्तै समाज, देशको निर्माण र रक्षा गर्नुपर्छ भन्नुभएको होइन ? उनीहरू सबै बाँडीचुँडी खान्छन् । अरिङ्गालले जस्तो कसैले, कुनै शत्रुले आक्रमण गर्न, मह चोर्न, चाका बिगार्न माहुरी र बच्चाहरूलाई मार्न, हमला गर्न आयो भने सबै मिलेर प्रत्याक्रमण गर्दछन् । हिजो माहुरीले जस्तो चीन, कोरिया, भियतनाममा अरिङ्गालजस्तो अमेरिकी साम्राज्यवादले आक्रमण गर्न आउँदा त्यहाँका वीर जनताले प्रत्याक्रमण गरेर धुलो चटाई पठाएका थिए । भीमसेन थापा, भक्ति थापा, बलभद्र कुँवर, अमरसिंह थापा, वंशराज पाण्डेजस्ता हाम्रा वीर योद्धाहरूले पनि अङ्ग्रेज साम्राज्यवादसँग माहुरीले जस्तै लडेको, प्रत्याक्रमण गरेकोले आज हाम्रो देश नेपाल रहिरह्यो । त्यसले हामी नेपाली भएर शिर ठाडो पारी बाँच्न पायौँ । आज हाम्रो देश नेपालमाथि अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादले आँखा गाड्दै छ रे । देश जोगाउन माहुरीले जस्तो लड्न हामी कलम समाउने हातले बन्दुक समाएर लड्न जाउँला नि होइन ! नेपाल स्वतन्त्र नै रहेन भने हामी नेपाली पनि कहाँ स्वतन्त्र रहन्छौँ, होइन र ?”

त्यो त हो साथी ! “ल माहुरीको कुरा गर्दा गर्दै समय गएको अत्तोपत्तो नै भएन । जाऔँ नुहाउन । भोलि सरले कक्षामा फेरि कान समाउन लगाएर उभ्याउनुहोला” भन्दै तीनैजना साथी काँधको पाङ्ग्रा गुडाएर खोलातिर दौडे ।

कविता

# त्चिकाया उ ताम्’साइका दुई कविता

## मुर्दा जीवन

म खेलिरहेको थिएँ
जब मेरी मृत बहिनी
मेरो हजुरबाले झुण्ड्याउनुभयो
एउटा ठुलो माछा
हाम्रो ढोका अगाडिको रूखमा ।

हामी पुग्यौँ आलुबखडाका बोटहरूनिर
खाएँ मैले ससाना लौकाहरू
तर उपवास बस्नुपर्यो मैले ।

रोएँ पनि भोक लागी,
भनेँ भने
बा मेरो जान्नुहुन्न नाम मेरी आमाको
म छु साक्षी मेरो उमेरको
मैले देखेको छु बराबर
सिनोहरू हावामा
जहाँ मेरो रगत बल्छ ।

## झाडीको आगो

आगो नदी अर्थात्
समुद्र पिउनलाई अनुसरण गर्दै बालुवाको
खुट्टा हात
भित्र हृदयको प्रेम गर्नलाई
यो खोला जो रहन्छ मभित्र फेरि पूर्ण
पारिदिन्छ मलाई मानिसहरूले
मात्र तिमीलाई भनेँ मैले आगोको वरिपरि

मेरो जाति बग्दछ यो यहाँ उहाँ एउटा
नदी
ज्वाला हुन् आगाका दृष्टिहरू
तिनीहरूका जो विचार गर्छन् यसको
मैले भनेँ तिमीलाई
मेरो जाति
सम्झन्छ
स्वाद काँसको तातै पिएको ।

*(‘मडर्न पोइट्री फ्रम अफ्रिका’ बाट)*

# जीवनशैली परिवर्तन

✍ चन्द्रलाल भोमी

खोकनाको तेल खान्थ्यौँ
शुद्ध तोरीको तेल
घखुना लुगा लगाउथ्यौँ
खडरको सारी
मकै भटमास चपाउथ्यौँ
अनि कोदोको शुद्ध रक्सी
जीवनशैली चल्दै गयो
मृत्यु पनि दूर हुँदै गयो
तर समय परिवर्तन भयो
दिमाग परिवर्तनले भुलायो
तेल अब सनफलावर बनेछ
घखुना लगा विदेशी भएछ
मकै भटमास ‘पपकर्न’ बनेछ
शुद्ध रक्सी ‘ह्विस्की’ भएछ
सामान उही
कच्चा पदार्थ उही
तर.. ट्रेडमार्क नयाँ भएछ
नयाँ ट्रेडमार्क ढाड सेकाएछ
मान्छेको हुलले ‘आधुनिकता’ देखेछन्
आखिर...
धनी भएर पनि गरिब भएछौँ
यो यात्रा यो पाइला
पुरानो जीवनशैली कुलिचदै जाँदै छौँ
नयाँ बन्ने बहानामा
आधुनिकताको सिको गर्ने चाहनामा

# मेरो विश्व

✍ ‘विद्रोही’ राम

हर्मुज जलडमरूको
निलो छातीमा
बम बारुद आफै
झुण्ड्याउँछ
ह्वाइट हाउस ।

अनि
आकाशमा बिजुलीझैँ चर्किन्छ
सम्झौता गर,
नत्र
नर्कका बादलहरू
तिमीमाथि वर्सिनेछ ।

त्यो आवाज
पूरै गुञ्जिन नपाउँदै
मरुभूमिको धूलोसँगै
क्रोधले भरिएको
अर्को प्रतिध्वनि आयो–

यदि तिमीले ढोका खोल्यौ भने
नर्कका ढोकाहरू
तिमीमाथि नै खुल्नेछ ।

जुन आवाज
तेहरानको थिएन
समयको चेतावनी थियो ।


किन नबुझेको ?

मेरो विश्व !
हर्मुज जलडमरूको निलो छातीमा
बगिरहेका
तेलका जहाजहरूसँगै
बगिरहेछ
मानवताको भविष्य पनि ।

# म भैल खः हुँ

✍ सत्य सुवाल

*तःमधि को विशाल आँगनमा उभिएको,*
*पुर्खाहरूको आस्था र पसिनाको एउटा जीवित अंश ।*
*मेरो काठको प्रत्येक रेशामा इतिहासको गन्ध छ,*
*मेरा चक्काहरूमा समयका रेखाहरू कोरिएका छन् ।*
*तिमीलाई थाहा छ ?*



*जब यो सहरको भाग्य रेखा मोडिएको थियो,*
*त्यो अन्तिम साँझ रणजीत मल्लले विवश भएर गाएका थिए,*
*उनको स्वरमा कुनै राजसी मात थिएन,*
*त्यहाँ त केवल आफ्नो माटो छोड्नुको असह्य विलाप थियो ।*
*उनले भक्तपुरको यो रस सम्झिँदै मलाई हेरेर गाएका थिए*
*“थथें जागु रस गुबले दइमखु, राम ! हा ! जि गन वने...”*
*हो, म त्यही बिदाइको साक्षी हुँ ।*
*मैले उनको त्यो ‘ह्यौँगु’ ख्वबी देखेको छु,*
*जुन आज पनि मेरा बुट्टाहरूभित्र सुस्केरा बनेर गुन्जिरहेछ ।*
*तर आज*
*म फेरि उस्तै हसे हाइँसेको गुन्जन सुन्दै छु ।*
*फरक यति मात्रै हो,*
*त्यो बेला शत्रुले सहर खोसेको थियो,*
*आज आफ्नै युवाहरूले मेरो पहिचान टुक्राइरहेका छन् ।*
*जब तिमीहरू मेरो ‘घमा’ मा चढेर अहङ्कार देखाउँछौ,*
*म भित्रभित्रै आँसु झारिरहेको हुन्छु ।*
*पहिले मलाई तान्दा भक्ति बग्थ्यो,*
*सहरभरि खुसीको रस हुन्थ्यो,*
*आज मलाई तान्दा केवल झगडा र घृणाको धुलो उड्छ ।*
*जब तिमी ढुङ्गा इँटा प्रहार गर्छौ नि,*
*त्यो ढुङ्गा मेरो काठमा मात्र लाग्दैन,*
*त्यो त रणजीत मल्लले गाएको त्यो अन्तिम गीतको मर्ममा लाग्छ ।*
*त्यो ढुङ्गाले हाम्रो इतिहासको छाती चिरिन्छ ।*
*म अझै उभिएको छु, किनकि म देवताको बाहन हुँ,*
*तर साँचो भनूँ ? म अब थाकिसकेको छु ।*
*मलाई तिमीहरूको भारी होइन, तिमीहरूको सुमति चाहिएको छ ।*
*मलाई रङ्गीचङ्गी कपडा होइन,*
*तिमीहरूको माया चाहिएको छ ।*
*एकपटक मात्र...*
*मेरो चक्कामुनि कान थापेर शान्त भई सुन्नु,*
*तिमीले अझै काशीसम्म पुग्ने त्यो मधुर धुन मात्र होइन,*
*त्यो विवश राजाको अन्तिम सुस्केरा सुन्नेछौ*
*“थथे जागु रस गुबले दइमखु...” इतिहास रोइरहेको छ,*
*मेरो*
*म भैलखः रोइरहेको छु ।*
*तिमीहरूलाई फेरि सोध्दै छु,*
*“मलाई जोगाउन के अझै ढिला भइसकेकै हो त ?”*

# रुसतर्फ अफ्रिकी किसान सार्ने पहल !

जोहानेसबर्ग, १७ अप्रिल (एएफपी) । दक्षिण अफ्रिकी श्वेत किसानहरूलाई रुसमा पुन:स्थापित गर्ने पहल सार्वजनिक भएसँगै अन्तर्राष्ट्रिय राजनीति, आप्रवासन नीति र जातीय बहस एकैसाथ तातिएको छ । टेक अर्बपति एलन मस्कका पिता एरोल मस्कले दक्षिण अफ्रिकी किसानहरूलाई रुसी भूमिमा शरणार्थीको दर्जा दिलाउने परियोजनामा काम गरिरहेको जानकारी दिनुभएको छ । यो पहल अमेरिकी सरकारको समान कार्यक्रमसँग समानान्तर रूपमा अघि बढिरहेको देखिएको छ ।

टेलिफोनमार्फत मस्कोबाट एएफपीसँग कुरा गर्दै एरोल मस्कले यो योजना दक्षिण अफ्रिकी किसानहरूलाई शरणार्थीका रूपमा रुसमा बसोबास गराउने उद्देश्यले अघि बढाइएको स्पष्ट पार्नुभयो । रुसी अधिकारीहरूका अनुसार प्रारम्भिक चरणमा डच मूलका श्वेत अफ्रिकानर समुदायका करिब ५० परिवारलाई रुसमा पुन:स्थापित गर्ने तयारी भइरहेको छ ।

यही समूहलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले पनि शरणार्थीको रूपमा संयुक्त राज्य अमेरिकामा बसोबास गराउने प्रस्ताव अघि सारेको थियो । उक्त प्रस्तावमा रङ्गभेदपछिको दक्षिण अफ्रिकी सरकारले श्वेत अल्पसङ्ख्यकलाई सताएको भन्ने दाबी गरिएको थियो, जसलाई दक्षिण अफ्रिकी सरकारले पूर्ण रूपमा अस्वीकार गर्दै आएको छ । ट्रम्प प्रशासनले गत वर्ष जनवरीमा पदभार ग्रहण गरेपछि करिब पाँच हजार श्वेत अफ्रिकीहरूलाई शरणार्थीका रूपमा अमेरिका प्रवेश गराइसकेको छ भने अन्य समूहका लागि शरणार्थी कार्यक्रमहरू रोकेको छ ।

देशभित्र कुनै जातीय भेदभाव नरहेको दाबी गर्दै आएको प्रिटोरिया ( अफ्रिकी सरकार) लाई अमेरिकी नीतिले असन्तुष्ट बनाएको छ । यसैबिच रुसमा अघि बढाइएको नयाँ पहलले पनि दक्षिण अफ्रिका र रुसबिचको सम्बन्धमा प्रभाव पार्न सक्ने विश्लेषण हुन थालेको छ ।

रुसको भ्लादिमिर क्षेत्रका गभर्नर अलेक्सान्डर अभ्डेयेभले एरोल मस्कसँग यस परियोजनाबारे छलफल भएको पुष्टि गर्दै कृषि विकाससँगै दक्षिण अफ्रिकाबाट आएका परिवारहरूलाई बसोबास गराउने सम्भावनाबारे कुराकानी भएको बताउनुभयो । उहाँले सामाजिक सञ्जाल टेलिग्राममार्फत करिब ५० परिवारलाई बसोबास गराउने विषयमा छलफल भएको जानकारी दिनुभयो ।

एरोल मस्क नियमित रूपमा रुस भ्रमण गर्ने व्यक्तिका रूपमा चिनिनुहुन्छ र हालै उहाँले मस्कोमा आयोजित अर्थोडक्स इस्टर धार्मिक कार्यक्रममा पनि सहभागिता जनाउनुभएको थियो, जहाँ रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको उपस्थिति रहेको थियो । उहाँले रुसी सञ्चारमाध्यमसँगको अन्तर्वार्तामा दक्षिण अफ्रिकी श्वेत किसानहरू हत्या तथा हिंसाको जोखिममा रहेको दाबी गर्दै परियोजनालाई उचित ठहराउने प्रयास गर्नुभएको थियो, तर यस्ता आरोपहरू दक्षिण अफ्रिकी सरकारले कडा रूपमा अस्वीकार गर्दै आएको छ ।

यसैबिच एलन मस्कले पनि दक्षिण अफ्रिकामा आफ्ना व्यवसायिक गतिविधिहरूलाई लिएर असन्तुष्टि व्यक्त गर्दै आउनुभएको छ । उहाँले आफ्नो स्टारलिङ्क इन्टरनेट सेवाले लाइसेन्स नपाएको विषयलाई जातीय भेदभावसँग जोड्दै आलोचना गर्नुभएको छ । हालै सामाजिक सञ्जालमा उहाँले आफू कालो नभएकै कारण अनुमति नपाएको दाबी गर्नुभएको थियो, जसको दक्षिण अफ्रिकी राष्ट्रपति सिरिल रामाफोसाका प्रवक्ताले कडा खण्डन गर्दै त्यसलाई 'झुट र गलत सूचना' बताउनुभयो ।

दक्षिण अफ्रिकामा रङ्गभेदपछिको असमानता कम गर्न बनाइएका कानुनअनुसार ठुला कम्पनीहरूमा कम्तीमा ३० प्रतिशत स्वामित्व ऐतिहासिक रूपमा वञ्चित समुदायलाई दिनुपर्ने व्यवस्था रहेको छ, जसले विदेशी लगानीकर्ताहरूका लागि केही जटिलता सिर्जना गर्ने गरेको छ ।

एरोल मस्क स्वयं पनि विवादास्पद अभिव्यक्तिका कारण चर्चामा रहने व्यक्तिका रूपमा चिनिनुहुन्छ । गत वर्ष उहाँले रङ्गभेदकालीन उत्पीडनलाई अस्वीकार गर्ने अभिव्यक्ति दिनुभएको थियो, जसले व्यापक आलोचना निम्त्याएको थियो ।

विश्लेषकहरूका अनुसार रुसतर्फ दक्षिण अफ्रिकी किसान सार्ने पहलले केवल आप्रवासनको विषय मात्र नभई भू-राजनीतिक सन्देश पनि बोकेको हुन सक्छ । साउथ अफ्रिकन इन्स्टिच्युट अफ इन्टरनेसनल अफेयर्ससँग सम्बद्ध पूर्वअनुसन्धानकर्ता फ्रेडरिक भोन ट्रेस्कोले यस पहललाई 'चाखलाग्दो' भन्दै यसले प्रिटोरिया र मस्कोबिच तनाव सिर्जना गर्न सक्ने बताउनुभयो ।

इतिहासत: दक्षिण अफ्रिका र रुसबिच घनिष्ठ सम्बन्ध रहँदै आएको छ । यो रङ्गभेदविरुद्धको आन्दोलनका बेला सोभियत सङ्घले अफ्रिकी नेसनल कङ्ग्रेसलाई दिएको समर्थनसँग जोडिएको छ । तर, हालका घटनाक्रमले दुवै देशबिचको सम्बन्ध नयाँ मोडमा प्रवेश गर्न सक्ने सङ्केत देखाएका छन् ।

यसै सन्दर्भमा दक्षिण अफ्रिकी राष्ट्रपति सिरिल रामाफोसाले हालै युक्रेन युद्धमा संलग्न भएका आफ्ना नागरिकहरूलाई फिर्ता गराउन सहयोग गरेको भन्दै पुटिनप्रति कृतज्ञता व्यक्त गर्नुभएको थियो । तीमध्ये १५ जना स्वदेश फर्किसकेका छन् ।

अर्कोतर्फ, हालै सार्वजनिक भएको एक अनुसन्धानात्मक रिपोर्टमा अफ्रिकी नेसनल कङ्ग्रेसका महासचिव फिकिले मबलुलाले सन् २०२४ को आम निर्वाचनअघि रुसी प्रभावसँग सम्बन्धित व्यक्तिहरूसँग सहयोग लिएको उल्लेख गरिएको थियो । सोही रिपोर्टमा उहाँले पार्टी गतिविधिका लागि आर्थिक सहयोग माग गरेको दाबी पनि गरिएको छ, जसलाई उहाँले अस्वीकार गर्दै 'गलत सूचना अभियान' को संज्ञा दिनुभयो ।

# अब राहदानी र लाइसेन्स सिधै घरमै

काठमाडौँ, ४ वैशाख । नागरिकलाई सास्तीमुक्त र छरितो सेवा दिने लक्ष्यका साथ सरकारले सुरू गरेको महत्त्वाकाङ्क्षी योजना अघि सारेको छ । लामो समयदेखि सरकारी कागजात लिन कार्यालयमा धाउनुपर्ने र घण्टौँ लाइन बस्नुपर्ने बाध्यतालाई अन्त्य गर्दै सरकारले राहदानी (पासपोर्ट) र सवारीचालक अनुमतिपत्र (लाइसेन्स) नागरिकको घरदैलोमै पुऱ्याउन थालेको हो ।

गत चैत १३ गते सार्वजनिक गरिएको शासकीय सुधारको १०० बुँदे कार्यसूचीअनुसार सरकारले यो कदम चालेको हो, जसमा १०० दिनभित्रै अत्यावश्यक सेवाहरू घरमै उपलब्ध गराउने प्रतिबद्धता गरिएको थियो । प्रधानमन्त्री कार्यालय र गृह मन्त्रालयसँगको समन्वयमा हुलाक सेवा विभागलाई सरकारी कुरियर सेवाका रूपमा परिचालन गरिएको छ ।

हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पङ्गेनीका अनुसार मकवानपुर, म्याग्दी र डडेलधुराजस्ता जिल्लाहरूमा यो सेवा परीक्षणका रूपमा सफलतापूर्वक कार्यान्वयन भइसकेको छ । सेवाग्राहीले राहदानी बनाउँदा नै आफ्नो ठेगाना टिपाउनुपर्ने व्यवस्था गरिएको छ, जसका आधारमा हुलाकले सम्बन्धित व्यक्तिको घरमै पुगेर कागजात हस्तान्तरण गर्दछ ।

म्याग्दीमा त प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्य आफैँ बेनी नगरपालिकाका विभिन्न वडाहरूमा पुगेर नागरिकलाई राहदानी हस्तान्तरण गरेका छन् । यसबाट सेवाग्राहीको समय, पैसा र अनावश्यक झन्झट जोगिएको भन्दै स्थानीय स्तरमा निकै सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ ।

***जेनजी...***

रोकिएको थियो ।

**प्रमुख सेनानी नरेश खड्का (नरसिंह दल गण सिंहदरबारका गणपतिको रूपमा)** - भदौ २४ गते दिउँसो करिब १२:४५ बजेतिर पश्चिम, दक्षिण र पूर्वी गेटमा हजारौँको सङ्ख्यामा भीड पुगेको अवस्था थियो । उनीहरूले ढुङ्गामुढा प्रहार गर्नुका साथै गेटमा आगजनी गर्ने प्रयास गरेका थिए । सबै गेटबाट एकैचोटि उत्तेजित भीड भित्र छिरेपछि स्थिति असामान्य बनेको थियो ।

**सेनानी सन्तोष ढुङ्गेल (संसद् भवन थप सुरक्षार्थ खटिएका टोली)** - टोलीसहित गण सिंहदरबार-हनुमानस्थान थापागाउँ हुँदै बीआइसीसी जाने क्रममा प्रदर्शनकारीहरूले सवारी साधन रोक्दा ४५ मिनेट ढिलाइ भयो ।

करिब ११:३० बजेतिर करिब १० हजारको हाराहारीमा पुगेको भीडले ढुङ्गा, इँटा, सिसाका बोटल र मोलोतोभ ककटेल (शिशी) प्रयोग गरी दक्षिण र पश्चिम पेरिमिटरमा आक्रमण गर्न थाल्यो । दिनभरिमा करिब चार पटकसम्म भीडले संसद् भवनमा प्रवेश गर्ने प्रयास गरेका, जसलाई अश्रुग्यास प्रयोग गरी बाहिर धकेल्ने प्रयास गरिरहेको थियो । करिब १:५७ बजे ठुलो हुलसहित प्रदर्शनकारीहरूले नेपाल प्रहरी र सशस्त्र प्रहरीको घेरा तोड्दै संसद् भवनतर्फ आक्रमण गरे । 'खुनको बदला खुन' जस्ता नारा लगाउँदै सेना तथा प्रहरीका सवारी साधनमा आगजनी गरियो ।

# प्रधानमन्त्री कप क्रिकेटको उपाधि त्रिभुवन आर्मी क्लवलाई

वीरगन्ज (पर्सा), ४ वैशाख । प्रधानमन्त्री कप पुरूष क्रिकेट प्रतियोगिताको उपाधि त्रिभुवन आर्मी क्लबले जितेको छ । शुक्रबार वीरगन्जको नारायणी रङ्गशालामा भएको फाइनल खेलमा त्रिभुवन आर्मी क्लबले सुदूरपश्चिम प्रदेशलाई पाँच विकेटले पराजित गर्दै उपाधि रक्षा गरेको हो ।

फाइनल खेलमा पहिलो ब्याटिङ गरेको सुदूरपश्चिम प्रदेशले ३९.४ ओभरमा सबै विकेट गुमाउँदै १६१ रनमा सीमित भएको थियो । सुदूरपश्चिमका अशोक धामीले ४६ बल खेल्दै ४३ रन जोडेका थिए । त्यस्तै किरण ठगुन्नाले ४२ बल खेल्दै ३५ रन जोडेका थिए ।

त्यस्तै, सुदूरपश्चिमका नारायण जोशीले ३४ बल खेल्दै २९ रन जोडे । त्रिभुवन आर्मी क्लबका आकाश चन्द र साहाब आलमले सामान तीन-तीन विकेट लिएका थिए । जवाफी ब्याटिङमा उत्रिएको त्रिभुवन आर्मी क्लबले ३४.३ ओभरमा १६४ रन जोड्दै लक्ष्य पछ्याएको हो ।

त्रिभुवन आर्मी क्लबका इमरान शेखले ८२ बल खेल्दै ४६ रन जोडे भने बसिर अहमदले पनि ५६ बल खेल्दै ४५ रन जोडे । सुदूरपश्चिमका हेमन्त धामीले दुई विकेट र अशोक धामीले एक विकेट लिएका थिए ।

शुक्रबारको खेलमा त्रिभुवन आर्मी क्लबका बसिर अहमद प्लेयर अफ दी म्याच घोषित हुँदै नगद पाँच हजार रुपैयाँ पुरस्कार प्राप्त गरे । प्रतियोगितामा प्लेयर अफ दी टुर्नामेन्टबाट लुम्बिनी प्रदेशका सन्तोष यादव बने । उनले प्रतियोगिताभरिमा २६५ रन र २१ विकेट लिएका थिए ।

त्यस्तै, वेष्ट बलरबाट सुदूरपश्चिमका हेमन्त जोशी बने । उनले प्रतियोगितामा २५ विकेट लिएका थिए । त्यस्तै वेष्ट ब्याटरबाट गण्डकी प्रदेशका अर्जुन कुमाल बने । उनले प्रतियोगिताभरिमा ५०४ रन जोडेका थिए । इमर्जिङ प्लेयर मधेस प्रदेशका आशिक बैठा घोषित भएका छन् ।

प्रतियोगिताको विजेता टोली त्रिभुवन आर्मी क्लबले नगद रु. १० लाख, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्यो भने उपविजेता बनेको सुदूरपश्चिमले रु. पाँच लाख नगद, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्यो ।

प्रतियोगितामा तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपीएफ क्लब र सात प्रदेशका गरी १० टोलीको सहभागिता रहेको छ ।

***वाग्मती...***

मेसिनको अभावमा सेवाग्राहीहरूलाई उपचारमा कठिनाइ भइरहेको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाद्वारा निर्माणाधीन अरनिको सभाभवनलगायत महत्त्वपूर्ण आयोजनाहरूको बजेट व्यवस्थापनमा प्रदेश सरकारबाट थप आर्थिक अनुदानको व्यवस्था भएमा जनताको सेवा हुनेमा जोड दिनुभयो ।

वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले भक्तपुर नगरपालिकाले कला, संस्कृति र सम्पदा संरक्षणलाई अगाडि बढाउँदै नगरवासीहरूको शिक्षा र स्वास्थ्यलाई ध्यान दिँदै व्यापक जनताको हितको निम्ति काम गरिरहेको हुँदा यस अभियानलाई टेवा पुऱ्याउन प्रदेश स्तरबाट आगामी वार्षिक बजेटमा भक्तपुर नगरपालिकालाई प्राथमिकतामा राख्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले देशलाई विकासमा अग्रगति दिन वाग्मती प्रदेशबाट उल्लेखनीय र स्मरणीय कार्यहरू हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमपश्चात् नगर प्रमुख प्रजापतिले मुख्यमन्त्री बानियाँलाई भक्तपुर नपाको तर्फबाट प्रसिद्ध मयुर झ्याल र नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

मुख्यमन्त्री बानियाँले आजै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप कलेज, ख्वप मावि, ख्वप कलेज अफ ल र निर्माणाधीन अरनिको सभाभवनको स्थलगत अवलोकलन पनि गर्नुभएको थियो ।


## खोप लगाऔं, रोगबाट बचौं र बचाऔं।

- ❖ सबै बालबालिकालाई तोकिएको समयतालिकाअनुसार खोप लगाऔं।
- ❖ नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं।
- ❖ गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं।
- ❖ खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं।
- ❖ खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं।
- ❖ नजिकको स्वास्थ्य संस्थामा उपलब्ध नि:शुल्क खोप सेवाबारे जानकारी लिऔं।
- ❖ समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं।
- ❖ खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक समवेदना



जन्म
२००३ साउन २८

निधन
२०८२ चैत २५

यस विद्यालयका कर्मचारी रविन कुटुवका पूजनीय पिता **रामबहादुर कुटुव**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**जेन्यूइन स्कुल परिवार**
देकोचा १०, भक्तपुर


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

### तालिमसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाको आयोजनामा युवा तथा महिला लक्षित तालिमअन्तर्गत मिति २०८३ वैशाख १५ गतेदेखि तपसिलबमोजिमका तालिमहरू सञ्चालन गरिने भएको हुँदा इच्छुक नगरवासी महानुभावहरूले मिति २०८३ वैशाख १० गतेभित्र सम्बन्धित वडा कार्यालयमा, कार्यालय समयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य विस्तृत जानकारीको लागि आ–आफ्नो वडा कार्यालयमा सम्पर्क गर्नुहोला ।

| क्र.सं. | तालिमको विषय | तालिम अवधि | मासिक शुल्क | शैक्षिक योग्यता | तालिम हुने समय |
|---|---|---|---|---|---|
| १. | पाक शिक्षा | ४ महिना | रू. ५००।- | कक्षा ८ उत्तीर्ण | बिहान ७-९ बजेसम्म |
| २. | हेयर कटिङ | ४ महिना | रू. ५००।- | कक्षा ८ उत्तीर्ण | बिहान १०-१२ बजेसम्म |
| ३. | आधारभूत सिलाइ | ६ महिना | रू. ३००।- | कक्षा ८ उत्तीर्ण | बिहान १०-१२ बजेसम्म |
| ४. | एडभान्स सिलाइ | ६ महिना | रू. ५००।- | एस.ई.ई. उत्तीर्ण | बिहान ७-९ बजेसम्म |

**नोट**: निवेदन फाराम सम्बन्धित वडा कार्यालयहरूमा उपलब्ध छ ।
फाराम तथा टिकट दस्तुर रू. ११०।– लाग्नेछ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा